# बागमती प्रदेशको शिक्षा नीति, २०८०

प्रदेश सरकारबाट स्वीकृत मितिः २०८०/११/०८

बागमती प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

हेटौँडा

२०८०

# बागमती प्रदेशको शिक्षा नीति, २०८०

## १. पृष्ठभूमि

मुलुकको दिगो शान्ति, विकास, सुशासन र समृद्धिको आधार शिक्षा हो। व्यक्तिको सर्वाङ्गीण विकासमार्फत् मर्यादित जीवन र सम्मानजनक रोजगारीको आधार पनि शिक्षा हो। मुलुकको आर्थिक सामाजिक रूपान्तरणको माध्यम पनि शिक्षा भएकोले नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभूत गरी राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूमा शिक्षालाई नागरिकका आधारभूत आवश्यकताको रूपमा स्थापित गर्दै सबै नागरिकलाई शिक्षाको अवसर उपलब्ध गराउनु राज्यको दायित्व हुने संवैधानिक व्यवस्था गरेकोछ। नेपाललाई अल्पविकसित राष्ट्रहरूको सूचीबाट विकासोन्मुख राष्ट्रको सूचीमा समावेश गराउने र दिगो विकासका लक्ष्य बमोजिम, विभेदरहित, सद्भावयुक्त, समावेशी र समन्यायमा आधारित गुणस्तरीय शिक्षाको पहुँचको अवसर सबैमा उपलब्ध गराउनु पर्ने आवश्यकता रहेको छ। स्थानीय र वैश्विक ज्ञान, सीप र धारणाको सन्तुलित विकास गर्न शैक्षिक प्रक्रियालाई प्रविधियुक्त बनाई विद्यालय शिक्षालाई रोजगारी र आय आर्जनसँग जोड्नु पर्ने भएको छ। राष्ट्रिय प्राथमिकता र स्थानीय परिवेश अनुसार व्यक्तिको दैनिक जीवनको लागि आवश्यक पर्ने व्यवहारिक सीपका साथै सामाजिक मूल्य मान्यता, सामाजिक सहिष्णुता र सद्भाव सहितको आत्मिक विकास गर्ने विद्यालय शिक्षा प्रणाली स्थापना गर्नु आजको आवश्यकता रहेको छ। उपर्युक्त सन्दर्भमा बागमती प्रदेशमा शिक्षा क्षेत्रको विकासका लागि नीति तर्जुमा गरी थप कानुनी प्रबन्ध गर्नुपर्ने अवस्था देखिएकोले यो नीतिको तर्जुमा गरिएको छ।

## २. विद्यमान अवस्था

बागमती प्रदेशमा ७ हजार ३ सय ९१ प्रारम्भिक बाल विकास केन्द्रहरूमा २ लाख ४४ हजार ९ सय ५३ बालबालिकाहरू रहेका छन्। यी मध्ये ५४ प्रतिशत संस्थागत विद्यालयको बालविकास केन्द्रमा र ४६ प्रतिशत सामुदायिक विद्यालयको बालविकास केन्द्रमा रहेका छन्। यी बालविकास केन्द्रहरूमा तोकिएका न्यूनतम सक्षमताका पाँच मापदण्डहरू मध्ये कम्तीमा तीन मापदण्ड पूरा गरेका बालविकास केन्द्रहरूको संख्या २ हजार ७१५ (४९.१५ प्रतिशत) रहेको छ। बाल विकास कक्षामा खुद भर्ना दर ७१.९ प्रतिशत रहेको छ। *(स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र - शिमास्रोविके, २०७९)*

शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेको शैक्षिक सत्र २०७९ को तथ्याङ्क अनुसार प्रदेशगत रूपमा बागमती प्रदेशमा विद्यालयको संख्या १९.२२ प्रतिशत रहेको छ। प्रदेशमा रहेका जम्मा विद्यालय ६ हजार ९ सय २४ मध्ये आधारभूत तह (कक्षा १-५) सञ्चालन भएका विद्यालय २ हजार ७८६, आधारभूत तह (कक्षा १-८) सञ्चालन भएका विद्यालय १ हजार ४१, माध्यमिक तह (कक्षा १-१०) सञ्चालन भएका विद्यालय १ हजार ८२४, माध्यमिक तह (कक्षा १-१२) सञ्चालन भएका विद्यालय १ हजार २०३ र माध्यमिक तह (कक्षा ११-१२) सञ्चालन भएका विद्यालय ७० रहेका छन्। *(अर्थ मन्त्रालय, २०८०)*

सामुदायिक माध्यमिक विद्यालयहरू १ हजार ४८१ र संस्थागत माध्यमिक विद्यालयहरू १ हजार ५३१ रहेका छन्। आधारभूत तहमा सामुदायिक विद्यालयको संख्या बढी रहेको र माध्यमिक तहमा संस्थागत विद्यालयको संख्या बढी रहेको छ। यस प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट सञ्चालित डिप्लोमा र प्रिडिप्लोमा कोर्स २८२ विद्यालयमा र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम अनुसारको सामुदायिक विद्यालयमा प्राविधिक धारका ८५ विद्यालयमा सञ्चालनमा रहेका छन्। यसैगरी यस प्रदेशमा ६९ वटा सामुदायिक विद्यालयमा नमूना विद्यालय कार्यक्रम लागु गरिएको छ। शैक्षिक गुणस्तर परीक्षण केन्द्रको नमूना विद्यालय कार्य सम्पादन प्रतिवेदन अनुसार नमूना विद्यालयहरूको कार्यसम्पादन स्तर सामान्य रहेको देखिएको छ। यस प्रदेशमा सामुदायिक सिकाइ केन्द्रहरू ४६३ रहेका छन्। सामुदायिक सिकाइ केन्द्रहरूले अनौपचारिक शिक्षा क्षेत्रमा पुऱ्याएको योगदानको समीक्षा गरी स्थानीय तहको सहभागितामा सामुदायिक सिकाइ केन्द्रलाई अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइको केन्द्रबिन्दुको रूपमा विकास गर्नु आवश्यक छ। *(शिमास्रोविके, २०७९)*

बागमती प्रदेशको आधारभूत तह (कक्षा १-५) को खुद भर्ना दर ९७.४ प्रतिशत र (कक्षा ६-८) को खुद भर्ना दर ९४.६ प्रतिश रहेको छ। आधारभूत तहको सामुदायिक विद्यालय-विद्यार्थी अनुपात कक्षा १-५ र कक्षा ६-८ मा क्रमशः ६६.६ र ८५.३ रहेको छ। संस्थागत विद्यालयमा यो अनुपात कक्षा १-५ मा १५५.८ र कक्षा ६-८ मा ९६.३ रहेको छ। यस अवस्थामा सामुदायिक विद्यालयको तल्लो कक्षाहरूमा र संस्थागत विद्यालयको माथिल्लो कक्षाहरूमा विद्यार्थी आकर्षण गर्ने सुधारको योजना बनाई कार्यान्वयन गर्न आवश्यक छ। *(शिमास्रोविके, २०७९)*

यसैगरी यस प्रदेशमा विद्यार्थी संख्या आधारभूत तह ( कक्षा १-५) मा छात्रा २ लाख ८७ हजार ९४१ जना, छात्र ३ लाख २८ हजार १२८ र अन्य १८ रहेको; आधारभूत तह (कक्षा ६-८) मा छात्रा १ लाख ६७ हजार ५७३, छात्र १ लाख ८६ हजार १४० र अन्य ६ रहेको; आधारभूत तह (१-८) मा छात्रा ४ लाख ५५ हजार ५१४, छात्र ५ लाख १४ हजार २६८ र अन्य २४ रहेको; माध्यमिक तह (कक्षा ९-१०) मा छात्रा १ लाख ५ हजार ५९, छात्र १ लाख १० हजार ७१ र अन्य २ रहेको; माध्यमिक तह (कक्षा ११-१२) मा छात्रा ९४ हजार ८७, छात्र ९९ हजार ७४४ र अन्य १५ रहेको; माध्यमिक तह (कक्षा ९-१२) मा छात्रा १ लाख ९९ हजार १४६, छात्र २ लाख ९ हजार ८१५ र अन्य १७ रहेका छन्। यसरी प्रदेशमा कुल भर्ना भएका विद्यार्थी संख्या छात्रा ६ लाख ५४ हजार ६६०, छात्रा ७ लाख २४ हजार ८३ र अन्य ४१ गरी जम्मा भर्ना भएका विद्यार्थी संख्या १३ लाख ७८ हजार ७८४ रहेको छ। यसैगरी प्रदेशका कुल विद्यार्थी मध्ये ५३ प्रतिशत सामुदायिक विद्यालयमा र ४७ प्रतिशत संस्थागत विद्यालयमा अध्ययनरत छन्। यस प्रदेशमा आधारभूत तह (कक्षा १-५) मा खुद विद्यार्थी भर्ना दर ९७.४, आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी खुद भर्ना दर ९४.६, आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी खुद भर्ना दर ९६.४ रहेको छ। माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी खुद भर्ना दर ७७.२, माध्यमिक तह (कक्षा ११-१२) मा ६४.४ र माध्यमिक तह (कक्षा ९-१०) मा ५६.८ प्रतिशत रहेको छ।

बागमती प्रदेशमा सामुदायिक माध्यमिक विद्यालय (कक्षा ९-१२) मा २ लाख १२ हजार ४० र संस्थागत विद्यालयमा १ लाख ६६ हजार ३३ विद्यार्थीहरू अध्ययरत रहेका छन्। छात्राहरूको अनुपात सामुदायिक

विद्यालयमा ५५.७४ प्रतिशत र संस्थागत विद्यालयमा ४४.२६ प्रतिशत रहेको छ। सामुदायिक माध्यमिक विद्यालय (कक्षा ९-१२) मा सुविधाविहीन सम्ूहका बालबालिकाको संख्या सबै प्रदेशभन्दा बढी ९ हजार ५८७ रहेको छ। सुविधाविहीन समूहको पहिचान गरी सिकाइ सहजीकरण गर्नु आवश्यक देखिन्छ। आधारभूत तह (कक्षा १-५), आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२) को खुद भर्नादर क्रमशः ९७.४ प्रतिशत, ९४.६ प्रतिशत, ५६.८ प्रतिशत रहेको छ। माध्यमिक तह (कक्षा ९-१०) र माध्यमकि तह (कक्षा ११-१२) को खुद भर्ना दर क्रमशः ७७.२ प्रतिशत र ३६.५ प्रतिशत रहेको छ। माध्यमिक तहको न्यून खुद भर्ना दरले विद्यालय बाहिर रहेका बालिबालिकाको पहिचान गरी सीपमूलक र रोजगारीमूलक शिक्षा तथा तथा व्यावसायिक तालिमको योजना बनाउनु पर्ने देखिन्छ। यसैगरी कक्षा ५ र कक्षा ८ को टिकाउ दर क्रमशः ८९.१ प्रतिशत र ८५.७ प्रतिशत रहेको छ। (शिमास्रोविके, २०७९) सामुदायिक माध्यमिक विद्यालयको माध्यकि तह (कक्षा ९-१०) र माध्यमिक तह (कक्षा ११-१२) मा विद्यालय-विद्यार्थी अनुपात क्रमशः ८५.७ र १२०.४ रहेको छ। विद्यार्थी संख्याको आधारमा विद्यालय भवन र कक्षाकोठाको निर्माण र वितरण आवश्यक भएको छ। *(शिमास्रोविके, २०७९)*

अनौपचारिक एवम् वैकल्पिक शिक्षाका लागि खुला शिक्षा पद्धति समेतको प्रयोग गरी शिक्षाको व्यवस्था गरिएको छ। यस प्रदेशका १३ जिल्लाहरू रूपमा घोषणा भइसकेका छन् *(शिमास्रोविके, २०७८)*। विविध जातजाति, भाषाभाषी भएको समुदायमा परम्परागत रूपमा आर्जन हुँदै आएका ज्ञान, सीप र कलालाई शैक्षिक क्षेत्रमा समाहित गर्न सकिएको छैन। तिनका ज्ञान तथा सीपले शैक्षिक उपाधि वा समकक्षता पाउन सकेका छैनन्। शैक्षिक संस्थाहरूमा अनुसन्धान र नवप्रवर्तनका कामहरू नगन्य रूपमा मात्र हुने गरेको अवस्था विद्यमान छ।

उच्च शिक्षाका लागि सरकारी, सामुदायिक तथा निजी महाविद्यालयहरू छन्। एकल तथा वहुविषयक साधारण तथा प्राविधिक एवम् व्यावसायिक विश्वविद्यालयहरू रहेका छन्। यस प्रदेशमा सामुदायिक क्याम्पसको संख्या १७०, आङ्गिक क्याम्पस ४६ र निजी स्रोतमा सञ्चालित क्याम्पसको संख्या ४१२ रहेको छ। प्रदेश अन्तर्गत जम्मा ६२८ क्याम्पसहरूमा २ लाख १८ह जार ८८८ विद्यार्थीहरू अध्ययरत छन् *(सामाजिक विकास मन्त्रालय, २०८०)*। उच्च शिक्षाको तहमा प्रदेशमा पाँच वटा विश्वविद्यालयहरू छन्। त्रिभुवन विश्वविद्यालय काठमाडौं जिल्लामा छ। काठमाडौं विश्वविद्यालय काभ्रेपलाञ्चोक जिल्लामा छ। कृषि तथा वन विश्वविद्यालय चितवनमा र मदनभण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय मकवानपुरमा स्थापना भएका छन्। नेपाल खुला विश्वविद्यालय ललितपुरमा रहेको छ। यसबाहेक यसै प्रदेशमा राष्ट्रिय स्वास्थ्य विज्ञान प्रतिष्ठान काठमाडौंमा, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ललितपुरमा र बागमती प्रदेशबाट सञ्चालित मदनभण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान हेटौंडामा छन्। यसको अतिरिक्त बागमती प्रदेश विश्वविद्यालयको स्थापनाको प्रक्रिया अघि बढेको छ।

विश्वविद्यालयहरूमा पनि पर्याप्त लगानी हुन नसक्नु समस्याको रूपमा देखिन्छ। विश्वविद्यालय उमेर समूहका १४.९ प्रतिशतले मात्रै पढ्ने अवसर पाउनु त्यसमा पनि २५ प्रतिशतको हाराहारीमा मात्र उत्तीर्ण दर हुनुले पहुँच तथा गुणस्तरको अवस्था देखाउँछ। विश्वविद्यालयको उपाधि लिएका युवाहरूमा गरिखाने अपेक्षित सीप नहुनु र पढाइले समुदाय तथा अन्तर्राष्ट्रिय जगत जोडन नसक्नु, अनुसन्धानलाई शिक्षाको अभिन्न अङ्ग बनाउन

नसक्नु आदिले हाम्रो कमजोर शैक्षिक गुणस्तरलाई दर्शाउँछ। विश्वविद्यालय शिक्षाले नवप्रवर्तन र आविष्कारका क्षेत्रमा उल्लेख्य प्रगति गर्न नसकेको तथा स्नातकहरूमा जागिरको सिर्जना गर्नेभन्दा जागिर खोज्ने प्रवृति विद्यमान छ। राष्ट्रिय, प्रादेशिक, तथा मानित विश्वविद्यालय बन्ने आधार स्पष्ट नहुनु तथा कुन विश्वविद्यालयमा कति विद्यार्थी हुनुपर्ने, कतिभन्दा बढी विद्यार्थी भएमा त्यसैको नामका विश्वविद्यालय बनाउने भन्ने प्रावधान नहुनुले व्यवस्थापकीय अवस्थाको सङ्केत गर्दछ।

देशका उच्च शिक्षामा अध्ययनरत कुल विद्यार्थी मध्ये करिब ४० प्रतिशत विद्यार्थीहरू यस प्रदेशमा अध्ययनरत रहेको देखिन्छ। प्रदेशमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत १८ आङ्गिक शिक्षालय, ११७ सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) र परिषद्बाट अनुमति लिई सञ्चालित निजी क्षेत्रका तालिम प्रदायक संस्थाहरू १६५ वटा रहेका छन्। शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट सञ्चालित प्राविधिक धार कार्यक्रम सञ्चालन भएका सामुदायिक विद्यालयहरू ८५ वटा रहेका छन्। प्रदेश अन्तर्गत ८ वटा स्थानीय तहमा प्राविधिक शिक्षाको पहुँच पुगेको छैन।

### ३. समस्या तथा चुनौतीहरू

प्रदेशको विद्यमान शैक्षिक अवस्थामा निम्न समस्या तथा चुनौतीहरू रहेका छन्:-

(क) संविधान बमोजिम सङ्घ र स्थानीय तहसँग समन्वय सहकार्य, तथा सहजीकरण गरी बालविकास शिक्षादेखि विश्वविद्यालयसम्मको औपचारिक शिक्षा तथा साक्षरतादेखि आजीवन शिक्षा एवम् समकक्षी शिक्षाको प्रभावकारी व्यवस्थापन गर्नु,

(ख) प्रदेश भित्रका शिक्षण संस्थाहरूमा रहेको गुणस्तरको विविधतालाई प्रदेशभित्र, अन्तरप्रदेश तथा राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा विशिष्टीकृत हुने गरी विद्यालय तहको शैक्षिक गुणस्तर सुनिश्चित गर्न प्रादेशिक मानक तयार पार्नु,

(ग) सङ्घीय तहको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, प्रदेश तहमा बनाइने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, प्रदेश सरकार तथा स्थानीय तहहरूको बीचमा प्रभावकारी समन्वय गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम प्रदान गर्नु,

(घ) परम्परागत रूपमा पनि सीप सिक्ने सिकाउने कामलाई संस्थागत गर्दै सम्बन्धित व्यक्ति तथा संस्थासँग आपसी समन्वय गरी तिनको उद्यमीकरण गर्दै सबैका लागि सीप र शिक्षा उपलब्ध गराउनु,

(ङ) संवैधानिक व्यवस्था बमोजिम सार्वजनिक, निजी र सहकारीको तीन खम्बे अर्थनीतिको मर्म अनुसार राष्ट्रिय शिक्षा नीतिले निजी लगानीको नियमन गर्ने प्रबन्ध गरेको सन्दर्भमा सार्वजनिक शिक्षामा आवश्यक लगानीको सुनिश्चितता गर्दै निजी लगानीका शिक्षालयको व्यवस्थापन तथा प्रभावकारी नियमन गर्नु,

(च) औपचारिक, अनौपचारिक तथा व्यावसायिक सीप र सिकाइलाई आजीवन शिक्षाको निरन्तरताका रूपमा सुनिश्चित गर्नु,

(छ) शिक्षालाई व्यवहारिक, जनमुखी, जीवनोपयोगी तथा वैज्ञानिक बनाउँदै उत्पादनसँग जोड्नका लागि जनशक्तिको क्षमता अभिवृद्धि गर्दै तीनै तहका सरकारका बीचमा समन्वय, सहजीकरण र सहकार्य गर्नु,

(ज) शिक्षालाई सहयोगी, प्रतिस्पर्धी, उत्पादनमुखी र अनुसन्धानमूलक बनाई प्रदेश र राष्ट्रको लागि आवश्यक योग्य र दक्ष एवम् अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्तिको उत्पादन गर्नु,

(झ) प्रारम्भिक बाल विकास तथा शिक्षा लगायत आधारभूत र माध्यमिक तहमा प्रविधियुक्त न्यूनतम सिकाइ पूर्वाधार र सिकाइ सामाग्रीको व्यवस्था गरी सबैको सहज पहुँच सुनिश्चित गर्नु,

(ञ) सहभागिता, जवाफदेहिता, पारदर्शिता र सदाचार जस्ता सुशासनका विविध पक्षहरूमा सुधार ल्याई सामुदायिक विद्यालय प्रति विद्यार्थीको आकर्षण र विश्वास अभिवृद्धि गर्नु ।

समग्रमा हेर्दा स्थानीय तहको शैक्षिक सेवा प्रवाहमा प्रदेश सरकारबाट परिपूरकता हुन नसकेको, कार्यक्रममा दोहोरोपना देखिएको स्थानीय तहको शैक्षिक नीति तथा कानुन निर्माणमा एकरूपता र विविधताको सन्तुलन हुन नसकेको, सङ्घीय शासकीय संरचना अनुरूप शैक्षिक सेवा प्रवाहको एकीकृत संरचना स्थापित हुन नसकेको र विद्यालय तथा विश्वविद्यालयमा नियमित अनुगमन निरीक्षण र पेसागत सहयोग पुऱ्याउन कठिनाई भएको देखिन्छ ।

## ४. नीति निर्माणको दार्शनिक आधार

जनस्तरको अनुभव, बौद्ध, सांख्य, शैव तथा किराँत जस्ता नेपाल भित्र विकसित भएका पूर्वीय दर्शन एवम् पश्चिमा आधुनिक शिक्षा पद्धतिको सन्तुलित एवम् समालोचनात्मक सोच र बुझाइको आधारमा शिक्षालाई भौतिक, मानसिक तथा आध्यात्मिक रूपमा उपयोगी हुने गरी शिक्षाको विकास गर्न देहायका सिद्धान्तहरू यस नीतिको मार्गदर्शनका रूपमा रहेका छन्:-

(क) शिक्षा जीवन, जगत् र व्यक्तिहरूसँग जोडिन्छ,

(ख) शैक्षिक प्रक्रियाहरू व्यक्तिको जीवनमा परिवर्तन ल्याउन सहयोगी हुन्छन्,

(ग) शैक्षिक नतिजाको दायरा ज्ञान प्राप्ति एवम् निर्माणमा मात्र सीमित नभई चरित्र निर्माण, समस्याको समाधान र मुलुकप्रति उत्तरदायी नागरिक निर्माणसम्म हुन्छ,

(घ) शिक्षा जनमैत्री हुनुपर्दछ,

(ङ) आफ्नो सिकाइ प्रति स्वजिम्मेवार हुने शैक्षिक प्रक्रियाको माध्यमबाट अनुशासित र स्वावलम्बी नागरिक तयार हुन सक्छन्,

(च) वैश्विक ज्ञानलाई स्थानीयकरण गरी आर्जन गरिएको सीप दीगो र जीवनोपयोगी हुन सक्छ,

(छ) उच्च शिक्षाले अनुसन्धानमुखी, प्रवर्द्धनात्मक, उत्पादकत्वमुखी, तथा स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगत्का लागि चाहिने जनशक्तिको आवश्यकता पूरा गर्दछ ।

## ५. शिक्षा नीतिको आवश्यकता

प्रदेश सरकारको शिक्षा क्षेत्रको एकल तथा साझा अधिकार लगायतका व्यवस्थाहरूलाई प्रभावकारी रूपमा कार्यान्यवन गरी शिक्षालाई जीवनोपयोगी, प्रतिस्पर्धी एवम् संस्थागत बनाउँदै गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँचका लागि यो नीतिको तर्जुमा गरिएको छ ।

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको शासकीय व्यवस्था गर्नुको साथै शिक्षालाई मौलिक हकको रूपमा प्रत्याभूत गरी तीन तहका सरकारको एकल र साझा अधिकारको रूपमा कार्यक्षेत्र समेत तोकेको छ। नेपाल सरकारले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा गरेका शिक्षा सम्बन्धी प्रतिवद्धता, दिगो विकासका लक्ष्य, अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति र सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रको रूपमा स्तरोन्नति हुने लक्ष्य तथा नेपाल सरकारको राष्ट्रिय शिक्षा नीति, २०७६ एवम् प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०८०, बागमती प्रदेशको प्रथम आवधिक योजना प्रादेशिक शिक्षा नीति तर्जुमाका आधारहरू हुन्।

नेपालमा तीन तहको शासकीय अभ्यास प्रारम्भिक चरणमै रहेकोले शिक्षा सम्बन्धी संवैधानिक व्यवस्था, राष्ट्रले लिएका लक्ष्य एवम् प्रतिबद्धताहरूलाई योजनाबद्ध रूपमा कार्यान्वयन गर्न प्रदेश शिक्षा नीति आवश्यक हुन्छ। सङ्घीय शासन व्यवस्था बमोजिम शैक्षिक व्यवस्थापन कार्यमा स्थानीय तहको सशक्तीकरण र क्षमता विकास गर्नको लागि प्रदेश सरकारको समन्वयकारी भूमिका स्पष्ट पार्न एवम् राष्ट्रिय दृष्टिकोण, प्रादेशिक आवश्यकता र स्थानीय प्राथमिकताको आधारमा सन्तुलित, विभेदरहित, गुणात्मक, मूल्य प्रवर्धन गर्ने र सामाजिक सद्भाव अभिवृद्धि गर्ने शिक्षाको सुनिश्चितताका लागि प्रदेश शिक्षा नीति आवश्यक हुन्छ।

## ६. दूरदृष्टि

**गुणस्तरीय, दक्ष र स्वावलम्बी जनशक्ति विकासः सामाजिक आर्थिक रूपान्तरणको आधार।**

## ७. लक्ष्य

गुणस्तरीय शिक्षाको माध्यमबाट आत्मनिर्भर, प्रतिस्पर्धी, उद्यमशील तथा नवप्रवर्तनशील जनशक्ति उत्पादन गरी प्रदेश र मुलुकको स्वाभिमान र समृद्धिमा योगदान गर्ने।

## ८. उद्देश्य

(क) व्यक्तिमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गर्दै राष्ट्र र राष्ट्रियता प्रति प्रतिवद्ध, जवाफदेही, उद्यमशील र सहयोगी नागरिक तयार गर्नु,

(ख) औपचारिक तथा अनौपचारिक शिक्षामा सबैको सहज पहुँच सहितको गुणस्तरीय तथा सान्दर्भिक शिक्षाका लागि शैक्षिक संस्थालाई नेतृत्वदायी, समन्वयकारी, सहयोगी तथा प्रतिस्पर्धी बनाउनु,

(ग) उच्च शिक्षालाई समुदायउन्मुख, अनुसन्धानमूलक तथा राष्ट्रिय र अन्तरराष्ट्रिय आवश्यकता अनुरूपका स्तरीय जनशक्ति उत्पादन गर्ने बनाउनु,

(घ) शिक्षालाई रोजगारी र उद्यमशीलतासँग आवद्ध गर्दै प्राविधिक, व्यावसायिक तथा सीपयुक्त एवम् जीवनोपयोगी विद्यालय शिक्षाको विकास तथा बिस्तार गर्नु,

(ङ) विद्यालयदेखि उच्च शिक्षामा समालोचनात्मक चिन्तन, खोज, अनुसन्धान, नवप्रवर्तन र सुशासनलाई संस्थागत गर्नु,

(च) सामाजिक मूल्य, मान्यता, एकता, सद्भाव, पुर्खाको गौरव एवम् संस्कृति प्रवर्धन गर्ने र जन्मभूमिप्रतिको कर्तव्यबोध गर्न सक्ने शिक्षा प्रणालीको विकास गर्नु।

## ९. शैक्षिक नीति तथा कार्यनीति

### (क) विद्यालय शिक्षा

**नीति ९.१: न्यूनतम पूर्वाधार र सुविधा सहित प्रारम्भिक बालविकास तथा शिक्षाको बिस्तार गरी गुणस्तरमा सुधार गर्ने।**

**कार्यनीतिः**

९.१.१ प्रदेश अन्तर्गतका सबै स्थानीय तहहरूमा आवश्यक सुविधा र सामग्री सहितको नमूना बालविकास केन्द्र विकासका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ।

९.१.२ बाल विकास शिक्षकहरूलाई बाल सिकाइ प्रविधिबारे तालिमको व्यवस्था गरिनेछ।

९.१.३ बाल विकास केन्द्र स्थापना र सञ्चालनका लागि स्थानीय तहहरूलाई आवश्यक सहयोग गरिनेछ।

९.१.४ प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम सञ्चालनमा उत्कृष्टता प्रदर्शन गर्ने विद्यालय एवम् सहकर्ताको पहिचान गरी प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

९.१.५ सबै स्थानीय तहमा प्रारम्भिक बाल विकास र शिक्षा उमेर समूहका बालबालिकाहरूको अभिलेख तयारी गरी मानकका आधारमा बाल विकास तथा शिक्षाको प्रादेशिक नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

९.१.६ प्रारम्भिक बाल विकास उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बाल विकास तथा शिक्षाको अनुभव लिएर मात्र कक्षा एकमा भर्ना हुने व्यवस्थाका लागि सहयोग गरिनेछ।

९.१.७ सबै विद्यालयमा बाल विकास केन्द्र स्थापना र सञ्चालनको लागि भइरहेको बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा व्यवस्थापनका लागि सहजीकरण गरिनेछ।

९.१.८ प्रारम्भिक बाल विकास तथा शिक्षाको विकास र बिस्तारका लागि अभिभावकको सहभागिता र संलग्नताका लागि क्षमता अभिवृद्धि गरिनेछ।

९.१.८ बालबालिकाको सर्वाङ्गीण विकास सम्बन्धी प्रारम्भिक बालविकासका आधुनिक विधि र प्रविधिको अवलम्बन गर्दै लगिनेछ।

**नीति ९.२: औपचारिक विद्यालयमा जनतासँग सिक्ने तथा जनतालाई सिकाउने व्यवस्था मिलाउने।**

**कार्यनीतिः**

९.२.१ सिक्ने सिकाउने संयन्त्र बनाई आधुनिक सूचना र सञ्चारका उपलब्ध साधनहरूको उपयोग गरिनेछ।

९.२.२ सूचना र सञ्चार प्रविधि समेतको प्रयोग गरी शिक्षक तथा कर्मचारीहरूको क्षमता विकास गरिनेछ।

९.२.३ संघ, प्रदेश र स्थानीय तह बीच समन्वय कायम गरी शैक्षिक नेतृत्वकर्ताको क्षमता विकास गरिनेछ।

९.२.४ शिक्षण तथा अनुसन्धानको माध्यमबाट समुदायमा अवस्थित परम्परागत ज्ञान तथा अभ्यासलाई आधुनिक तथा औपचारिक ज्ञान तथा अभ्याससँग एकीकृत गर्ने प्रणाली विकास गरी कार्यान्वयनमा ल्याइनेछ।

९.२.५ दलित, जनजाति, धार्मिक, पेशागत समूह तथा अन्य समुदाय तथा व्यक्तिमा भएका परम्परागत एवम् आधुनिक ज्ञान, सीप एवम् प्रविधिको खोज अनुसन्धान गरी तिनलाई क्रेडिट तथा ननक्रेडिट कोर्स बनाई विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयमा लागु गरिनेछ।

९.२.६ स्पष्ट नतिजा र प्रोत्साहन खाका (result and incentive framework) को आधारमा सामुदायिक र संस्थागत विद्यालयबीच सहकार्यको ढाँचा निर्माण गरी कार्यन्वयन गरिनेछ।

**नीति ९.३: विद्यालयको शिक्षण सिकाइलाई जनमुखी, व्यवहारिक, वैज्ञानिक तथा परम्परागत एवम् आधुनिक ज्ञान, सीप, प्रविधि र उत्पादनसँग जोड्ने गरी पठनपाठनको प्रबन्ध मिलाउँदै माध्यमिक शिक्षालाई व्यावसायिक एवम् रोजगारमूलक बनाउने।**

**कार्यनीतिः**

९.३.१ शिक्षण सिकाइलाई जनमुखी, व्यावहारिक, वैज्ञानिक तथा उत्पादनसँग जोड्ने काममा शिक्षक, अभिभावक र विद्यार्थीहरूलाई जिम्मेवार बनाउन आवश्यक व्यवस्था मिलाइनेछ।

९.३.२ शैक्षिक सामग्रीहरूको निर्माण तथा वितरण गर्न सहयोग गरिनेछ।

९.३.३ प्राध्यापक, शिक्षक, स्थानीय तह, महाविद्यालय प्रमुखले आआफ्ना विद्यार्थीमा र स्वयम् विद्यार्थीले नै आफूमा उल्लेखित क्षमता भए नभएको कुरा जानकारी लिने मोवाइल एप्सहरू बनाई कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइनेछ।

९.३.४ सबै तहका विद्यार्थीहरूमा भएका प्रतिभाहरूको खोजी गरी तिनको विकास गर्ने काममा विद्यालय, क्याम्पस तथा विश्वविद्यालयहरूलाई सघाइनेछ।

९.३.५ सबै तहका पाठ्यक्रम, शिक्षण सिकाइ प्रक्रियालाई समस्या समाधानमुखी बनाउन आवश्यक सामग्री तयार गरिनेछ।

९.३.६ माध्यमिक शिक्षामा सीपमूलक पाठ्यक्रम समावेश गरी अनिवार्यरूपमा कार्यान्वयन गराउन सङ्घ र स्थानीय तहसँग सहकार्य गरिनेछ।

९.३.७ माध्यमिक शिक्षालाई प्राविधिक र रोजगारमूलक बनाउन पाठ्यक्रम शिक्षण सिकाइका लागि क्षमता विकास एवम् पूर्वाधार निर्माणमा नेपाल सरकार, स्थानीय तह र सरोकारवालासँग समन्वय र सहकार्य गरिनेछ।

**नीति ९.४: विद्यार्थीलाई सदाचारी, नैतिकवान् तथा जिम्मेवार बनाउने।**

**कार्यनीतिः**

९.४.१ विद्यालयमा योग, ध्यान, प्राणायाम जस्ता कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

९.४.२ निश्चित मापदण्डका आधारमा अतिरिक्त तथा सह कार्यकलाप अनिवार्य रूपमा संचालन गरी विद्यार्थी, शिक्षक तथा कर्मचारीलाई नैतिकवान् र सकारात्मक ऊर्जाशील बनाउन शैक्षिक संस्थालाई आवश्यकता अनुसार सहयोग गरिनेछ। अतिरिक्त तथा सह कार्यकलाप सञ्चालनार्थ शिक्षकलाई तालिम प्रदान गरिनेछ र विद्यालय तहमा यस्ता कार्यक्रम गर्न स्थानीय तहलाई सहयोग गरिनेछ।

९.४.३ जनशक्तिलाई अनुशासित, इमान्दार, नैतिकवान् तथा जिम्मेवार बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास, अनुसन्धान, विचार आदिको आदानप्रदान गर्न आमनेसामने तथा भर्चुअल कार्यक्रम सञ्चालन गर्ने व्यवस्थाका लागि स्थानीय तह तथा विश्वविद्यालयलाई सहयोग गरिनेछ ।

९.४.४ नागरिकलाई अनुशासित, इमान्दार, नैतिकवान् तथा जिम्मेवार बनाउन आवश्यक ज्ञान, सीप तथा प्रविधिको खोजी गरी कार्यान्वयनमा ल्याइनेछ ।

९.४.५ अनुशासित, इमान्दार, नैतिकवान तथा जिम्मेवार बनाउन पहिचान भएका प्रदेश तहका साझा तथा समुदाय विशेषका ज्ञान, सीप तथा प्रविधिलाई सबै शैक्षिक संस्थामा उपलब्ध गराउने प्रबन्ध मिलाइनेछ ।

९.४.६ अनुशासित, इमान्दार, नैतिकवान तथा जिम्मेवार बनाउन रैथाने धर्म दर्शनमा भएका विचारको खोजी गरी तिनलाई सार्वजनिक गर्न सहयोग गरिनेछ ।

९.४.७ पारिवारिक मूल्यमान्यता, वृद्ध, रोगी, असहायको सेवा र सहयोग गर्ने मानवीय गुणको विकास गराउन विद्यालय शिक्षादेखि नै नैतिक शिक्षा (Ethics Eduction) मार्फत् शिक्षक तथा विद्यार्थीहरूलाई थप जिम्मेवार र उत्तरदायी बनाउन तालिम लागयतका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**नीति ९.५: शैक्षिक गुणस्तर सुधारका लागि स्थानीय तह र प्रदेश सरकारबीच सहकार्य गर्ने ।**

**कार्यनीतिः**

९.५.१ ज्ञानमा अब्बल, सीपमा दक्ष, सकारात्मक सोच, समावेशी स्वभाव तथा आधुनिक सूचना प्रविधि मैत्री लगायतका विषय समावेश भएको शिक्षाको प्रादेशिक गुणस्तरको खाका बनाइनेछ ।

९.५.२ विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, प्राध्यापक, तथा कर्मचारीको स्वमूल्याङ्कनको लागि डिजिटल तथा नन-डिजिटल सामग्री तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

९.५.३ अपेक्षित गुणस्तर नपुगेको विषय क्षेत्रमा सघाउने डिजिटल तथा ननडिजिटल सामग्री उत्पादन गर्न गराउन शिक्षक, प्राध्यापक तथा अन्य विज्ञलाई प्रोत्साहित गरिनेछ ।

९.५.४ शिक्षाको गुणस्तरीय खाकाको आधारमा विद्यालय, स्थानीय तह, महाविद्यालय तथा विश्वविद्यालयको वार्षिक गुणस्तरको लेखाजोखा गरिनेछ र तदनुसार पुरस्कार तथा दण्डको व्यवस्था मिलाइनेछ ।

९.५.५ विद्यालय स्तरीय प्रादेशिक शैक्षिक गुणस्तर मापदण्ड निर्धारण गरी विद्यालयलाई स्थानीय र प्रदेशस्तरमा स्तरीकृत र प्रोत्साहित गरिनेछ ।

९.५.६ शैक्षिक गुणस्तर परीक्षण केन्द्रको समन्वय र सहकार्यमा विद्यालयको कार्यसम्पादन परीक्षण र सिकाइ उपलब्धि परीक्षण सञ्चालन गरी विद्यालय स्वमूल्याङ्कन संयन्त्रको विकास गरिनेछ ।

९.५.७ न्यून दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयमा स्थानीय तहको मागका आधारमा शिक्षक अनुदानको व्यवस्था गरिनेछ ।

९.५.८ आधारभूत तहदेखि नै खेलकुदमा अभिरूचि र शारीरिक तन्दुरुस्ती विकास गर्न प्रोत्साहन गरिनेछ ।

९.५.९ प्रदेशस्तरीय गुणस्तर मानक बनाई शिक्षाका सबै तह र क्षेत्रमा लागु गरिनेछ ।

९.५.१० ग्रामीणस्तरमा न्यून विद्यार्थी भएका विद्यालयहरू एकीकरण गरी सञ्चालन गर्ने गरी विद्यालयलाई आवासीय मोडेलमा सञ्चालन गर्नका लागि भौतिक पूर्वाधार निर्माण तथा गुणस्तर सुधारका लागि प्रोत्साहन एवम् सहकार्य गरिनेछ।

**नीति ९.६: विषयगत तथा क्षमतागत रूपमा विशिष्टीकृत विद्यालय सञ्चालन गर्ने।**

**कार्यनीतिः**

९.६.१ प्रदेशभित्र आवश्यकता अनुसार विभिन्न विषय तथा क्षमताका विशिष्टीकृत विद्यालय सञ्चालन गर्न स्थानीय तहको सहकार्यमा सम्भाव्यता अध्ययन गरिनेछ।

९.६.२ यस्ता विद्यालय सञ्चालनका लागि सम्भाव्यता अध्ययनको आधारमा स्थान र विषयगत तथा क्षमतागत प्राथमिकता क्रम तोकिनेछ।

९.६.३ एकल तथा लागत साझेदारी अवधारणा बमोजिम यस्ता विशिष्टीकृत एवम् आवासीय विद्यालय सञ्चालन गर्न सकिनेछ।

**नीति ९.७: विद्यालय तहको शिक्षाका लागि पाठ्यक्रम तथा पाठ्य सामग्री विकास तथा विशेष सिकाइ वातावरण तयार गर्ने।**

**कार्यनीतिः**

९.७.१ पाठ्यक्रम तथा पाठ्यसामग्री विकासका लागि प्रादेशिक पाठ्यक्रम तथा पाठ्यसामग्री विकास केन्द्र स्थापना गरिनेछ।

९.७.२ राष्ट्रिय पाठ्यक्रम प्रारूपको अधीनमा रही ऐच्छिक विषयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास गरी कार्यान्वयनमा ल्याइने छ।

९.७.३ मापदण्डका आधारमा थप पाठ्यसामग्री छनौट, स्वीकृति र नियमन गरिनेछ।

९.७.४ प्रादेशिक विशेषता अनुरूप कृषि, जडिबुटी, उद्यमशीलता, स्थानीय ज्ञान र सीप प्रणाली, भाषा तथा पर्यटनसँग सम्बन्धित पाठ्यक्रम तयार गरी स्थानीय तहसँगको समन्वयमा लागु गर्ने व्यवस्था मिलाइने छ।

९.७.५ विद्यालय शिक्षालाई समुदायसँग एकाकार गर्दै लैजान विद्यार्थीलाई समुदायमा आधारित परियोजना निर्माण र कार्यान्वयन गर्न स्थानीय तहलाई सहयोग तथा सहजीकरण गरिनेछ।

९.७.६ समुदाय र सामुदायिक क्रियाकलापलाई समेत सिकाइ स्रोतको रूपमा लिई शिक्षक तालिम, सिकाइ सामग्री र मूल्याङ्कन प्रणालीमा स्थापित गर्ने व्यवस्था मिलाइने छ।

९.७.७ शिक्षण सिकाइ लगायत व्यवस्थापकीय क्रियाकलापमा भर्चुअल ल्याब लगायत सूचना प्रविधिका नवीनतम साधनहरूको प्रयोग गर्न विद्यालय र स्थानीय तहलाई प्रोत्साहित गर्दै सूचना प्रविधिको प्रयोगमा उत्कृष्टता प्रवर्धन गर्न प्रोत्साहन गरिनेछ।

९.७.८ विद्यालयमा विषयगत प्रयोशाला एवम् शैक्षिक सामग्रीको सुनिश्चितता हुने गरी बालमैत्री विद्यालय वातावरण निर्माण गरिनेछ।

९.७.९ परियोजना कार्य तथा कार्यथलोमा आधारित सिकाइ, बहुकक्षा बहुतह विधि, अनलाइन/अफलाइन जस्ता बहुविधि प्रयोग गरी विद्यार्थी केन्द्रित शिक्षण सिकाइ प्रक्रिया मार्फत् विद्यार्थीलाई सिकाइप्रति जिम्मेवार गराइने छ।

९.७.१० स्थानीय र राष्ट्रिय मूल्य मान्यता, साँस्कृतिक परम्परा, ज्ञान सीपलाई नियमित शैक्षिक प्रक्रियासँग आवद्ध गर्ने व्यवस्था गरिनेछ।

९.७.११ राष्ट्रिय र स्थानीय पाठ्यक्रमका विषयवस्तुलाई स्थानीय बजार र सीपसँग आवद्ध गरी पढ्दै कमाउँदै जस्ता रोजगारमूलक र व्यवहारिक शिक्षण सिकाइका तौरतरिकाहरू अवलम्बन गर्ने व्यवस्था मिलाइने छ।

**नीति ९.८: शिक्षण सिकाइमा विद्यार्थीको मातृभाषा तथा लिपिको प्रयोग गर्ने।**

**कार्यनीतिः**

९.८.१ शिक्षण सिकाइको माध्यम भाषाको रूपमा विद्यार्थीको मातृभाषालाई लैजान चाहिने डिजिटल तथा नन-डिजिटल सामग्रीको विकास गर्न सहयोग गरिनेछ।

९.८.२ मातृभाषालाई विषयको रूपमा लैजान चाहिने डिजिटल तथा नन-डिजिटल सामग्री उत्पादन गर्न आवश्यक व्यवस्था मिलाइने छ।

९.८.३ फरक भाषा एकैसाथ सिक्ने सिकाउने डिजिटल तथा नन-डिजिटल सामग्री निर्माण गर्न सहयोग गरिनेछ।

९.८.४ प्रदेशमा बोलिने भाषाहरूको संरक्षण र प्रवर्धन गर्न आवश्यक अध्ययन तथा अनुसन्धान गरिनेछ।

**नीति ९.९: विद्यार्थी मूल्याङ्कन सम्बन्धी कार्यलाई प्रभावकारी बनाउने।**

**कार्यनीतिः**

९.९.१ विद्यालय शिक्षामा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोग र आन्तरिक मूल्याङ्कनलाई प्रभावकारी बनाउन आवश्यक सहजीकरण गरिनेछ।

९.९.२ स्थानीय तहले सञ्चालन गर्ने कक्षा ८ वा यस्तै किसिमको परीक्षालाई प्रभावकारी बनाउन आवश्यक प्राविधिक सहयोग र जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ।

९.९.३ परीक्षाको परिणाम विश्लेषण गरी शिक्षण सिकाइमा ल्याउने सुधारका लागि कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइनेछ।

**नीति ९:१०: माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) को स्तरीकरण, व्यवस्थापन, सञ्चालन र प्रमाणीकरण गर्ने।**

**कार्यनीतिः**

९.१०.१ प्रदेशस्तरीय माध्यमिक शिक्षा (कक्षा १०) परीक्षा बोर्डको गठन गरिनेछ।

९.१०.२ बाह्य परीक्षाको मानक र स्तर (Norms and Standards) बमोजिम परीक्षा बोर्डको काम, कर्तव्य र अधिकार तय गरिनेछ।

९.१०.३ परीक्षाको स्वरूप, परीक्षा व्यवस्थापन तथा नतिजा विश्लेषण लगायतका परीक्षा तथा मूल्याङ्कन सम्बन्धी विषयमा कार्यक्रम सञ्चालन गरिनेछ।

९.१०.४ बहु-बुद्धिमत्ता (Multiple Intelligence) लगायतका अध्यावधिक अभ्यासहरूमा आधारित भई प्रश्नपत्र विकास तथा परीक्षा सञ्चालन गरिनेछ। यसका लागि लिखित परीक्षा लगायत अन्य विधि पनि प्रयोगमा ल्याइनेछ।

**नीति ९.११: प्रदेश भित्रका गुरुकुल, मदरसा, गुम्बा आदिमा दिइने शिक्षालाई मूलधारको समकक्षी बनाउने।**

**कार्यनीतिः**

९.११.१ गुरुकुल, मदरसा, गुम्बा लगायत परम्परागत तथा धार्मिक प्रकृतिका शिक्षालय मूलधार तथा पुलेसो धारका हुनेछन्।

९.११.२ यस्ता धार सञ्चालन गर्ने शिक्षालयले मापदण्ड बमोजिम मूल विषय अनिवार्य रूपमा पठनपाठन गर्ने तथा परीक्षा दिने प्रबन्ध गरिने छ।

९.११.३ पुलेसो धारमा इच्छुक जोसुकैले पनि पढ्न पाउने गरी पुलेसो पाठ्यक्रम तयार पारिनेछ।

९.११.४ गुरुकुल, मदरसा, गुम्वा आदिमा अध्ययन गरेका विद्यार्थीहरूलाई अन्य विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयमा सहज प्रवेशका लागि पुलेसा सामग्री तयार गर्न आवश्यक व्यवस्था गरिनेछ।

९.११.५ गुरुकुल, मदरसा, गुम्बा जस्ता प्रकृतिका शिक्षालाई विश्वविद्यालय स्तरसम्म पुऱ्याउने व्यवस्था मिलाइनेछ। योग, ध्यान, ऐतिहासिक एवम् पौराणिक साहित्यमा रहेका वैज्ञानिक पक्षको खोज, उपयोग र प्रवर्धनमा जोड दिइनेछ।

**नीति ९.१२: सरकारी, गैर सरकारी संस्था र स्थानीय समुदायको सहयोग र सहकार्यमा विशेष शिक्षा तथा समावेशी शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने।**

**कार्यनीतिः**

९.१२.१ स्थानीय तहगत रूपमा विविध अपाङ्गता तथा फरक सिकाइ क्षमता भएका बालबालिकाहरूको प्रदेशस्तरीय अभिलेख तयार गरिनेछ।

९.१२.२ स्थानीय तहहरूलाई विशेष सिकाइ आवश्यकता भएका बालबालिकाको संख्याको आधारमा सम्बन्धित स्थानीय तहलाई विशेष सुविधा सहितको आवासीय विद्यालय स्थापना गर्न आवश्यक सहयोग गरिनेछ।

९.१२.३ प्रदेश खेलकुद विकास परिषद् एवम् अन्य पेसागत संस्थासँगको सहकार्यमा विशेष खेलकुद तथा अतिरिक्त कार्यकलापको आयोजना गरिनेछ।

९.१२.४ समाजमा बहिष्करणमा परेका र विद्यालय शिक्षाको पहुँचभन्दा बाहिर रहेका समूहका बालबालिकाहरूलाई शिक्षाको मूल प्रवाहमा ल्याउन सहयोग र सहजीकरण गरिनेछ।

९.१२.५ विशेष शिक्षाको कार्यक्रमलाई आवश्यकता र उपयुक्तता हेरी सीप विकास र रोजगारीसँग आबद्ध गरिनेछ।

**नीति ९.१३: विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई सबलीकरण गर्दै नियमित शैक्षिक कार्यक्रमको रूपमा प्रवर्धन गर्ने।**

**कार्यनीतिः**

९.१३.१ प्रदेश स्वास्थ्य मन्त्रालय र स्थानीय तहसँग समन्वय र सहकार्य गरी माध्यमिक विद्यालयमा विद्यालय नर्सको व्यवस्था गरिनेछ। विद्यालय नर्सको सेवालाई सम्बन्धित माध्यमिक विद्यालयको सेवाक्षेत्रभित्र रहेका आधारभूत विद्यालयमा समेत परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

९.१३.२ जङ्क फुडको प्रयोगलाई निरुत्साहन गर्दै र स्थानीय खाद्य सामग्रीको प्रयोगलाई प्रोत्साहित गरी सबै बालबालिकाहरूलाई स्वस्थ्यकर दिवा खाजाको व्यवस्था गरिनेछ।

९.१३.३ बालक्लब तथा विद्यार्थीहरूको सहभागितामा स्वस्थ बानी र व्यवहार विकास गर्न उत्प्रेरित गरिनेछ।

९.१३.४ पारिस्थितिक पद्धति (ecosystem) प्रति जानकारी पारिस्थितिकी (ecology) र पर्यावरण (environment) प्रति सचेत र जिम्मेवार नागरिक बनाउन सहयोग गरिनेछ।

**नीति ९.१४: विज्ञान (Science), प्रविधि (Technology), इन्जिनियरीङ्ग (Engineering), कला (Arts) र गणित (Mathematics) को एकीकृत रूप STEAM सँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्ने।**

**कार्यनीतिः**

९.१४.१ आधारभूत तहमा रहेको एकीकृत बहु-विधागत र अन्तर विधागत पाठ्यक्रमलाई (Science, Technology, Engineering, Arts and Mathematics -STEAM) को दृष्टिकोणबाट सिकाइ क्रियाकलाप सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

९.१४.२ अन्य कक्षामा बहु-विधात्मक शिक्षणका लागि शिक्षकको बीचमा सहकार्य विकास गर्ने संयन्त्र निर्माण गर्न सहयोग गरिनेछ।

९.१४.३ हरेक विद्यालयमा विज्ञान (Science), प्रविधि (Technology), इन्जिनियरीङ्ग (Engineering), कला (Arts) र गणित (Mathematics) - STEAM सिकाइ अनुरूप कक्षा बनाउन आवश्यक सहकार्यात्मक सिकाइ स्थल(Makerspace) निर्माण गर्न सहयोग गरिनेछ।

९.१४.४ विज्ञान, प्रविधि र गणित जस्ता विषयलाई कला, संस्कृति तथा श्रमसँग जोडेर सिकाइ गर्ने वातावरण निर्माणका लागि सहजीकरण गरिनेछ।

९.१४.५ विद्यालय शिक्षालाई सान्दर्भिक, परिणाममुखी, सीपयुक्त, उत्पादन केन्द्रित, अर्थपूर्ण बनाउन विद्यालयमा करेसाबारी, कृषिकार्य, सहकार्यात्मक सिकाइ स्थल, सामाजिक उद्यमशीलता (social entrepreneurship) जस्ता सिकाइ कार्यक्रम सञ्चालन गर्न सहयोग गरिनेछ।

९.१४.६ अनलाइन, रेडियो तथा टेलिभिजन कार्यक्रम मार्फत् STEAM को एकीकृत प्रयोग सम्बन्धी कार्यक्रम प्रसारण गर्ने व्यवस्था मिलाइनेछ।

९.१४.७ विद्यार्थीको व्यवहार कौशल सीप विकास गर्ने कार्यमा प्रोत्साहन गरिनेछ। शिक्षणलाई प्रायोगिक सिकाइसँग आबद्ध गर्न आवश्यक पूर्वाधार विकासमा सहयोग गरिनेछ।

९.१४.८ वैज्ञानिक सम्मेलन, वैज्ञानिक प्रतिभा चयन तथा पुरस्कृत गर्ने व्यवस्था गरिनेछ।

९.१४.९ नवप्रवर्तनलाई मुखरित गर्न विज्ञान, प्रविधि तथा कलाका क्षेत्रहरू समेटी सबै क्षेत्रमा बहु-विधात्मक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। विद्यालय तहबाट नवप्रवर्तन र आविस्कारलाई प्रवर्धन गर्दै व्यावसायिकता र उद्यमशीलताको प्रवर्धन गर्न प्रतिभा पहिचान, आइडिया इन्क्युबेसन विकास र स्टार्ट अपमा जोड्ने कार्यलाई प्रोत्साहन गर्ने।

**(ख) उच्च शिक्षा**

**नीति ९.१५: दक्ष जनशक्ति निर्माणका लागि उच्च शिक्षाको विकास, बिस्तार तथा उन्नयनमा जोड दिने।**

**कार्यनीतिः**

९.१५.१ प्रादेशिक विश्वविद्यालय एवम् प्रतिष्ठानहरू स्थापना गर्दा कृषि, पर्यटन, नविकरणीय ऊर्जा, औषधी विज्ञान, विज्ञान-प्रविधि, इन्जिनियरिङ्ग, योग, चौसठ्ठी कला एवम् आयुर्वेद, कला लगायतका विधामा कार्यक्रम सञ्चालन गर्ने विश्वविद्यालय एवम् प्रतिष्ठानलाई प्राथमिकतामा दिइनेछ।

९.१५.२ सामुदायिक क्याम्पसहरूलाई एकीकृत गरी सामुदायिक विश्वविद्यालयमा रुपान्तरण हुन प्रोत्साहित गरिनेछ।

९.१५.३ प्रदेश अन्तरगत स्थानीय ज्ञान तथा सीपको अनुसन्धान र विकास गर्ने गरी उपयुक्तताको आधारमा सार्वजनिक विश्वविद्यालय स्थापना र सञ्चालन गरिनेछ।

९.१५.४ विश्वविद्यालयलाई मूलतः अनुसन्धानमूलक तथा बहुविधाका प्राज्ञिकहरूको संवाद र अनुसन्धानको थलो बनाइनेछ। विश्वविद्यालयलाई बहुविधात्मक, समस्या समाधान केन्द्रीत, समुदायमुखी शिक्षण र सेवामूलक काम एवम् प्रदेशको समग्र विकासका कार्यसँग जोड्न आवश्यक व्यवस्था मिलाइनेछ।

९.१५.५ औषधी उत्पादन, ऊर्जा विकास, खाद्य प्रविधि, कृषि व्यवसाय लगायतका क्षेत्रमा काम गर्न विशेष र बहु विधात्मक प्रयोगशाला सञ्चालन गर्न प्रदेश विश्वविद्यालयसँग सहकार्य गरिनेछ।

९.१५.६ प्रयोगशालामा कार्यरत जनशक्ति (वैज्ञानिक, अनुसन्धाता) र प्रशिक्षार्थी (Interns) लाई विश्वविद्यालयको प्राज्ञिक कार्यक्रमसँग आबद्ध गर्ने व्यवस्था मिलाइनेछ।

९.१५.७ स्थानीय ज्ञान र सीपलाई उच्च शिक्षासँग जोड्न विश्वविद्यालयका विधागत बिस्तार केन्द्र (outreach center) स्थापना गर्ने व्यवस्था मिलाइनेछ।

९.१५.८ प्राध्यापक तथा विद्यार्थीलाई अनिवार्य रूपमा अनुसन्धानमा लगाई उत्कृष्टता सहितको प्रतिलिपि अधिकार प्राप्त गर्नेहरूलाई पुरस्कृत गर्ने प्रबन्ध मिलाइनेछ।

९.१५.९ सामुदायिक तथा निजी महाविद्यालय तथा विश्वविद्यालयका प्राध्यापक तथा कर्मचारीहरूलाई अन्य विश्वविद्यालयको समकक्षी उपाधि प्रदान गर्ने तथा तिनका एक अर्का विश्वविद्यालय तथा कलेजमा स्थानान्तरण गर्ने प्रबन्धका लागि पहल गरिनेछ।

९.१५.१० सङ्घीय सरकारको सहकार्यमा प्रदेशमा रहेका विश्वविद्यालयहरूको विकास तथा बिस्तार गरिनेछ।

९.१५.११ कक्षाकोठामा आधारित अनुसन्धानमा जोड दिई समुदाय सेवालाई उच्च शिक्षा अध्ययनको अभिन्न अङ्ग बनाउने व्यस्था गरिनेछ ।

**नीति ९.१६: विश्वविद्यालय, महाविद्यालय (सामुदायिक र निजी समेत) आदिको पुनः नक्शाङ्कन गरी उच्च शिक्षाको सहज पहुँच सुनिश्चित गर्ने ।**

**कार्यनीतिः**

९.१६.१ विश्वविद्यालय र महाविद्यालयको मिलान गर्न प्रोत्साहित गरिनेछ ।

९.१६.२ विश्वविद्यालय र महाविद्यालयको पहुँच नभएका ठाउँमा उच्च शिक्षाको पहुँच सुनिश्चित गर्न सरकारी, सामुदायिक, निजी तथा साझेदारीको ढाँचा अवलम्बन गरिनेछ ।

९.१६.३ एक आपसमा मिलान गरी यस्ता महाविद्यालयहरू मानित विश्वविद्यालय बन्न बनाउन चाहेमा तिनलाई सहयोग गरिनेछ ।

९.१६.४ तिनमा कार्यरत प्रशिक्षक तथा विभिन्न तहका प्राध्यापक एवम् कर्मचारीहरूलाई एक अर्का महाविद्यालय तथा विश्वविद्यालयमा समकक्षी रूपमा सरुवा तथा बढुवा गर्ने प्रबन्ध मिलाइनेछ ।

९.१६.५ त्यस्ता महाविद्यालयहरूलाई डिग्री ग्राण्टिङ महाविद्यालयको रूपमा विकसित गरिनेछ ।

९.१६.६ महाविद्यालय तथा विश्वविद्यालयलाई समुदायलाई चाहिने नन-क्रेडिट कोर्स, तालिम, अभिमुखीकरण एवम् क्रेडिट कोर्स सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।

९.१६.७ प्रत्येक विश्वविद्यालय र महाविद्यालयको आआफ्नो स्पष्ट वैशिष्ट्यता हुने व्यवस्था मिलाइनेछ ।

९.१६.८ विश्वविद्यालय र महाविद्यालयमा आंशिक, पूर्णकालीन तथा खुला मोडका कार्यक्रम सञ्चालन गरी सबैलाई सहज शिक्षाको पहुँच सुनिश्चित गर्ने प्रबन्ध गरिनेछ ।

९.१६.९ दलित, अपाङ्गता भएका व्यक्ति, शहीदका सन्तति तथा आर्थिक रूपले विपन्नहरूको शिक्षामा पहुँच सुनिश्चित गर्न पूर्ण वा आंशिक वा पटके छात्रवृत्ति, विद्वत्वृत्ति एवम् महाविद्यालय तथा विश्वविद्यालयमा काम गर्ने व्यवस्था मिलाइने छ। तिनीहरूलाई आवश्यकता अनुसार छात्रावासको सुविधा सहित उपलब्ध गराउने प्रबन्ध मिलाउन विश्वविद्यालय तथा तिनका क्याम्पस-कलेजहरूसँग सहकार्य वा सहजीकरण गरिनेछ ।

**नीतिः ९.१७: प्रदेश भित्र सञ्चालनमा रहेका उच्च शैक्षिक संस्थाहरूलाई मानित विश्वविद्यालयको** रूपमा **विकास गर्ने ।**

**कार्यनीतिः**

९.१७.१ सञ्चालनमा रहेका आङ्गिक, निजी तथा सम्बन्धन प्राप्त महाविद्यालयहरूलाई एकल वा संग्रहित (Federated) मानित विश्वविद्यालयको रूपमा विकास गर्ने व्यवस्था मिलाइनेछ ।

९.१७.२ मानित विश्वविद्यालय अन्तर्गत साधारण तथा प्राविधिक धारका कार्यक्रम सञ्चालन गरिनेछ। यस्ता कार्यक्रम प्राविधिक महाविद्यालय तथा प्रयोगात्मक प्राविधिक विद्यालयमा सञ्चालन हुने व्यवस्था मिलाइनेछ ।

९.१७.३ आवश्यकता अनुरूप विषयगत संस्थालाई मानित विश्वविद्यालयको रूपमा सञ्चालन हुन सक्ने व्यवस्था मिलाइनेछ। यस्ता संस्थाले स्नातकोत्तर तह एवम् आवधिक तालिम कार्यक्रम सञ्चालन गर्नेछन्।

९.१७.४ विषय क्षेत्र पहिचानका आधारमा न्यूनतम पूर्वाधार तथा मापदण्ड पूरा गरेका शैक्षिक संस्थाहरूलाई मानित विश्वविद्यालयको रूपमा क्रमशः विकास गरी सञ्चालन हुने व्यवस्था गरिनेछ।

**नीति ९:१८: विश्वविद्यालयलाई उत्कृष्टताको केन्द्र (Center of Excellence) को रूपमा विकास गर्ने।**

**कार्यनीति:**

९.१८.१ सञ्चालनमा रहेका र स्थापना हुने विश्वविद्यालयलाई विषयगत तथा बहु-विषयका रूपमा विकसित गर्दै राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्न प्रोत्साहित गरिनेछ।

९.१८.२ विश्वविद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि स्वतन्त्र र स्वायत्त बोर्ड अफ ट्रष्टिजको व्यवस्था गरिनेछ। विश्वविद्यालयका पदाधिकारी राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त प्राज्ञिक व्यक्तित्व मध्येबाट छनौट गर्ने व्यवस्था मिलाइनेछ।

९.१८.३ उत्कृष्टताका लागि विश्वविद्यालयमा न्यूनतम ५ प्रतिशत अन्तर्राष्ट्रिय विद्यार्थी पढ्ने वातावरण बनाइनेछ।

९.१८.४ प्रत्येक विभागमा विदेशी प्राध्यापकले समेत अध्यापन अनुसन्धान गर्ने वातावरण बनाइनेछ।

**नीति ९:१९: शैक्षिक उपाधि प्रदान गर्न सक्ने प्रतिष्ठानको स्थापना गर्ने।**

**कार्यनीति:**

९.१९.१ आवश्यक जनशक्ति पहिचान गरी उपयुक्त विषयक्षेत्रमा शैक्षिक कार्यक्रम सञ्चालन गर्न प्रतिष्ठानको सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

९.१९.२ शैक्षिक कार्यक्रम सञ्चालन गर्ने प्रतिष्ठानको न्यूनतम मापदण्ड निर्धारण गरी गुणस्तरको सुनिश्चितता गर्ने व्यवस्था मिलाइनेछ।

**नीति ९:२०: विश्वविद्यालय, महाविद्यालय तथा विद्यालयलाई समुदायसँग आबद्ध गर्ने।**

**कार्यनीति:**

९.२०.१ विश्वविद्यालय, क्याम्पस तथा विद्यालय शिक्षालाई समुदायको विकाससँग एकाकार गर्न अनिवार्य रूपमा सेवा शिक्षा कार्यक्रम लागु गरिनेछ।

९.२०.२ प्रत्येक विश्वविद्यालय, महाविद्यालय तथा विद्यालयलाई सेवा शिक्षाको लागि आआफ्नो सेवा क्षेत्र तोक्न लगाई उक्त क्षेत्रमा अनुसन्धान तथा समुदाय सेवा गर्ने प्रबन्ध मिलाइनेछ।

९.२०.३ स्नातक र स्नातकोत्तर पूरा गर्ने विद्यार्थीलाई तोकिएको अवधि र समुदायको विकासको लागि थप काम गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ।

**नीति ९.२१: विदेशी विद्यालय, महाविद्यालय र विश्वविद्यालयको नियमन तथा अनुगमन गर्ने।**

**कार्यनीतिः**

९.२१.१ विदेशी विश्वविद्यालय, महाविद्यालय तथा स्कूल बोर्डसँग सम्बन्धन लिएका शिक्षण संस्थाहरूको दस्तावेजीकरण गरिनेछ ।

९.२१.२ यस्ता संस्था राष्ट्रिय मानक अनुसार भए नभएको लेखाजाखा गरी तदनुरूप राष्ट्रिय मापदण्ड अनुसार नभएको अवस्थामा सङ्घीय सरकारको समन्वयमा मापदण्ड बमोजिम सञ्चालन हुने व्यवस्था गरिनेछ ।

९.२१.३ यस्ता संस्थाको शुल्क, पाठ्यांश, शिक्षक, प्राध्यापकका सेवाशर्त, व्यवस्थापन आदिको अनुगमन गर्ने प्रबन्ध मिलाइनेछ ।

९.२१.४ विदेशी विद्यालय, महाविद्यालय र विश्वविद्यालयलाई सङ्घीय सरकारको समन्वयमा आवश्यकता र नक्शाङ्कनको आधारमा सम्बन्धन दिने व्यवस्था मिलाइनेछ ।

**नीति ९.२२: औपचारिक महाविद्यालय तथा विश्वविद्यालयबाट जनतासँग सिक्ने तथा जनतालाई सिकाउने व्यवस्था मिलाउने ।**

**कार्यनीतिः**

९.२२.१ सिक्ने सिकाउने संयन्त्र बनाई आधुनिक सूचना र सञ्चारका उपलब्ध साधनहरूको उपयोग गरिनेछ ।

९.२२.२ शिक्षण तथा अनुसन्धानको माध्यमबाट समुदायमा अवस्थित परम्परागत ज्ञान तथा अभ्यासलाई आधुनिक तथा औपचारिक ज्ञान तथा अभ्याससँग एकीकृत गर्ने प्रणाली विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

९.२२.३ दलित, जनजाति, धार्मिक, पेशागत समूह तथा अन्य समुदाय तथा व्यक्तिमा भएका ज्ञान, सीप एवम् प्रविधिको खोज अनुसन्धान गरी तिनलाई क्रेडिट तथा ननक्रेडिट कोर्स बनाई विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयमा लागु गरिनेछ ।

**नीति ९.२३: शिक्षण सिकाइलाई जनमुखी, व्यावहारिक, वैज्ञानिक तथा परम्परागत एवम् आधुनिक ज्ञान, सीप, प्रविधि र उत्पादनसँग जोड्ने गरी पठन पाठन गर्ने प्रबन्ध मिलाउने ।**

**कार्यनीतिः**

९.२३.१ शिक्षण सिकाइलाई जनमुखी, व्यावहारिक, वैज्ञानिक तथा उत्पादनसँग जोड्ने काममा प्राध्यापक र विद्यार्थीहरूलाई जिम्मेवार बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।

९.२३.२ प्राध्यापक र महाविद्यालय प्रमुखले आआफ्ना विद्यार्थीमा र स्वयं विद्यार्थीले नै आफूमा उल्लेखित क्षमता भए नभएको कुरा जानकारी लिने मोवाइल एप्सहरू बनाई कार्यान्वयनमा ल्याउने व्यवस्था मिलाइनेछ ।

९.२३.३ सबै तहका विद्यार्थीहरूमा भएका प्रतिभाहरूको खोजी गरी तिनको विकास गर्ने काममा महाविद्यालय तथा विश्वविद्यालयहरूलाई सघाइनेछ ।

९.२३.४ पाठ्यक्रम, शिक्षण सिकाई प्रक्रियालाई समस्या समाधानमुखी बनाउन आवश्यक सामग्री तयार गरिनेछ।

९.२३.५ शिक्षण सिकाइ प्रक्रियामा STEAM Education को एकीकृत प्रयोगमा जोड दिइनेछ।

**नीति ९.२४: शैक्षिक परामर्श, भाषा प्रशिक्षण केन्द्र, पूर्व तयारी कक्षा र ब्रिज कोर्स जस्ता शैक्षिक कार्यक्रमको अनुमति तथा नियमन गर्ने।**

**कार्यनीतिः**

९.२४.१ सञ्चालनमा रहेका शैक्षिक परामर्श, भाषा प्रशिक्षण केन्द्र, पूर्व तयारी कक्षा र ब्रिज कोर्स कार्यक्रमको प्रोफाइल तयार गरिनेछ।

९.२४.२ निश्चित शर्त एवम् मापदण्डका आधारमा शैक्षिक परामर्श, भाषा प्रशिक्षण केन्द्र, पूर्व तयारी कक्षा र ब्रिज कोर्स कार्यक्रमको अनुमति प्रदान गरिनेछ।

९.२४.५ सञ्चालनमा रहेका शैक्षिक परामर्श, भाषा प्रशिक्षण केन्द्र, पूर्व तयारी कक्षा र ब्रिज कोर्स कार्यक्रमको अनुगमन, निरीक्षण र नियमन गरिनेछ। त्यसको आधारमा नवीकरणको व्यवस्था मिलाइनेछ।

९.२४.६ ब्रिज कोर्स, भाषा शिषण (IELTS, TOEFL, PTE, GRE, SAT), पूर्व तयारी कक्षाको शुल्कका लागि निश्चित मापदण्ड बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ।

**(ग) समावेशी शिक्षा**

**नीति ९.२५: विद्यालय, महाविद्यालय र विश्वविद्यालयमा समावेशी तथा विशेष कक्षाको प्रबन्ध गर्ने।**

**कार्यनीतिः**

९.२५.१ आधारभूत तहदेखि विश्वविद्यालय तहसम्म समावेशी शिक्षण व्यवस्थापन गरिनेछ। शिक्षण संस्थामा अपाङ्गता भएका विद्यार्थी अनुकूल वातावरण सिर्जना गरिनेछ।

९.२५.२ शिक्षण संस्थामा विशेष कक्षाको व्यवस्था गर्न हाल सञ्चालनमा रहेका विशेष शिक्षाका आवासीय स्रोत केन्द्रहरू र विशेष कक्षाका विद्यालयको बिस्तार गर्न स्थानीय तहसँग सहकार्य गर्न प्रोत्साहन गरिनेछ।

९.२५.३ विशेष विद्यार्थीलाई आवासीय सुविधा सहितको सेवा सुविधा सुनिश्चित गर्न प्रत्येक जिल्लामा विशेष विद्यालय तथा महाविद्यालय स्थापना गर्न स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।

९.२५.४ सबै किसिमका अपाङ्गता भएका विद्यार्थीको आवश्यकता अनुरूपका शैक्षिक एवम् पाठयसामग्रीहरू उत्पादन एवम् वितरण गर्न आवश्यक प्रबन्ध मिलाइनेछ।

९.२५.५ अपाङ्गता भएका बालबालिका, आर्थिक रूपले बिपन्न र मुलधारमा समावेश हुन नसकी विद्यालय शिक्षाबाट वञ्चित लक्षित समुदायका अभिभावकका बालबालिकालाई निःशुल्क शिक्षा दिने व्यवस्था गर्न आवश्यक प्रबन्ध गरिनेछ।

९.२५.६ अपाङ्गता भएका विद्यार्थीका लागि उपयुक्त शैक्षिक सामग्रीको विकास गर्न सम्बन्धित संस्थासँग सहकार्य गरिनेछ।

**नीति ९.२६: विद्यालय, महाविद्यालय एवम् विश्वविद्यालयलाई शैक्षणिक दृष्टिकोणबाट समावेशी बनाउने।**

**कार्यनीतिः**

९.२६.१ विविध विषयमा अनुसन्धान, अध्ययन एवम् अनुभवका आधारमा प्राप्त बहुविचार तथा दृष्टिकोण संकलन गरी वर्गीकरण गर्ने व्यवस्था गरिनेछ ।

९.२६.२ वर्गीकृत गरिएका दृष्टिकोणलाई डिजिटल तथा नन–डिजिटल सामग्रीको रूपमा व्यवस्था गर्न सहयोग गरिनेछ ।

९.२६.३ विद्यालय, महाविद्यालय, विश्वविद्यालयलाई विचार निर्माणकर्ता संस्थाको रूपमा विकास गर्न र यस्तो संस्कार बसाल्न सहयोग गरिनेछ ।

९.२६.४ शिक्षक, प्राध्यापकलाई बहुविचार तथा दृष्टिकोण समावेश गर्ने शिक्षण पद्धति अपनाउन आवश्यक प्रबन्ध गरिनेछ ।

९.२६.५ विद्यालय, महाविद्यालय, विश्वविद्यालय व्यवस्थापनले एक अर्काको राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक विचार र दृष्टिकोण तथा शारीरिक भिन्नतालाई सम्मान गर्ने प्रबन्ध मिलाउन आवश्यक व्यवस्था गरिनेछ ।

९.२६.६ समावेशी र भेदभावरहित वातावरण सिर्जना गर्नका लागि विभेदमा शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

९.२६.७ बालिका तथा मूलधारभन्दा बाहिर रहेका सबै समूहलाई मूलधारमा समावेश गराउन आवश्यक सहयोग गरिनेछ। बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन गरी यस क्षेत्रका कार्यक्रमहरूलाई एकीकृत गरी सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

९.२६.७ हरेक शैक्षिक संस्थाबाट समावेशिता, हिंसाविहीनता तथा सुरक्षा सम्बन्धी आचारसंहिता तथा कार्यक्रम सार्वजानिक गर्ने व्यवस्था गरिनेछ ।

**(घ) अनौपचारिक तथा जीवन पर्यन्त शिक्षा**

**नीति ९.२७: औपचारिक शिक्षा तर्फका बालविकास, आधारभूत, माध्यमिक तथा अनौपचारिक तर्फका साक्षरता, साक्षरोत्तर तथा आजीवन शिक्षाको जिम्मेवारी पूरा गर्न स्थानीय तहको आवश्यकता अनुसार सहकार्य गर्ने ।**

**कार्यनीतिः**

९.२७.१ शैक्षिक कार्यका लागि स्थानीय तहलाई एकअर्काका साझेदार, प्रतिस्पर्धी तथा सहयोगी हुनका लागि सहयोग गरिनेछ ।

९.२७.२ स्थानीय तहसँगको समन्वय एवम् मागका आधारमा औपचारिक तथा अनौपचारिक शिक्षा सुधारका लागि आवश्यक सहयोग गरिनेछ ।

९.२७.३ स्थानीय तहमा भएका किसान, मजदूर तथा अन्य समूहका व्यक्तिमा भएका ज्ञान र सीपको खोजी गरी तिनलाई अद्यावधिक गर्ने तथा उनीहरूलाई आधुनिक ज्ञान दिने काममा सम्बन्धित स्थानीय तहसँग सहकार्य गरिनेछ ।

९.२७.४ विविध शैक्षिक योग्यता एवम् पेशामा संलग्न व्यक्तिहरूको ज्ञान, सीप र प्रविधिलाई अद्यावधिक गर्न प्रविधिमा आधारित आजीवन शिक्षा सुनिश्चित गर्न स्थानीय तहमा स्रोतकेन्द्र बनाइनेछ। त्यस्ता स्रोतकेन्द्रमा रेडियो, टेलिभिजन, कम्प्युटर, अनलाइन, अफलाइन तथा भर्चुअल सेवा उपलब्ध हुनेछ। जनस्तरका डबली, चपा, दलान जस्ता संरचनालाई स्रोतकेन्द्रका रूपमा विकसित गरिनेछ।

९.२७.५ रेडियो, टेलिभिजन, टेलिफोन, कम्प्युटर, अनलाइन, अफलाइन तथा भर्चुअल सेवा दिन सम्बन्धित सञ्चारका साधनलाई चाहिने प्रसारका सामग्रीहरू प्रदेश सरकारले विकास गरी उपलब्ध गराउनेछ।

९.२७.६ प्रदेशमा भएका सञ्चारका माध्यमलाई एक अर्काका पूरक हुनेगरी औपचारिक तथा अनौपचारिक शिक्षाका सहयोगी बनाइनेछ।

९.२७.७ सबै शैक्षिक संस्थालाई आफ्ना सबल पक्ष र कमी कमजोरीबाट निरन्तर सिक्ने र सुधार गर्ने मार्गचित्र अभ्यास गर्न लगाइनेछ।

९.२७.८ अनौपचारिक तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालनमा सामुदायिक सिकाइ केन्द्रलाई सक्रिय बनाई नतिजामा आधारित प्रोत्साहनको व्यवस्था गरिनेछ।

**(ङ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम**

**नीति ९.२८: प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।**

**कार्यनीतिः**

९.२८.१ प्रदेश भित्रका परम्परागत प्रविधि तथा व्यावसायिक सीपहरूको दस्तावेजीकरण (सङ्कलन, वर्गीकरण, र प्राथमिकीकरण) गरिनेछ।

९.२८.२ प्रविधि तथा सीपमा भएका ज्ञान एवम् सीपको संकलन गरी मोडुलर र ननमोडुलर पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार पारी विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयमा पठनपाठन गराउने प्रबन्ध मिलाइनेछ।

९.२८.३ ज्ञान तथा सीपमा आधारित भई छोटा अवधिका तालिम प्याकेज तयार पारी स्वयम् र आमनेसामने हुने गरी सिक्ने प्रबन्ध मिलाइनेछ।

९.२८.४ प्राविधिक धारको कार्यक्रमको कार्यस्थल अभ्यास तालिम (On the Job Training) तथा प्रयोगात्मक कार्यलाई अन्य विद्यालय विद्यालय र समुदायको क्षमता विकास र सेवासँग आबद्ध गर्दै पढ्दै कमाउँदै ढाँचामा कार्यान्वयन गरिनेछ।

९.२८.५ परम्परागत ज्ञान तथा सीपलाई प्रविधिसँग जोडी तिनको उद्यमीकरण गर्दै रोजगारीमा आबद्ध गर्न स्थानीय तहसँग आवश्यकतानुसार सहकार्य गरिनेछ।

९.२८.६ प्रदेशमा आवश्यक निम्न र मध्यमस्तरको जनशक्ति निर्माणमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप सम्बन्धी छोटो र लामो अवधिका कार्यक्रम सञ्चालन गरिनेछ।

९.२८.७ प्रदेश प्रविधिक तथा व्यवासायिक शिक्षा एवम् तालिम परिषद्को स्थापना गरिनेछ। प्राविधिक शिक्षालयहरूको संस्थागत क्षमता विकासको लागि आवश्यक कार्य गरिनेछ।

**नीतिः ९.२९: प्रदेश भित्र आवश्यक संख्यामा बहुप्राविधिक (Polytechnic) शिक्षालयको स्थापना र सञ्चालन गर्ने।**

**कार्यनीतिः**

९.२९.१ हाल भएका बहुप्राविधिक शिक्षालयको नक्साङ्कन गरी प्रोफाइल तयार पारिनेछ।

९.२९.२ माग एवम् आवश्यकता तथा स्थानीय तहको लगानी अनुपातको आधारमा गुरुयोजना बनाई आवश्यकता र औचित्य समेतका आधारमा बहुप्राविधिक शिक्षालय सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

९.२९.३ बहुप्राविधिक विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयले छोटो अवधिको तालिम, ननक्रेडिट कोर्स तथा क्रेडिट कोर्स सञ्चालन गर्न सहयोग गरिनेछ।

९.२९.४ स्थानीय तहमा भएका परम्परागत सीप तथा प्रविधिको अध्ययन गरी तिनको उद्यमीकरण गर्ने काम सम्बन्धित बहुप्राविधिक विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयलाई प्रोत्साहित गरिनेछ।

९.२९.५ बहुप्राविधिक विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयको सेवा क्षेत्रका कृषक, साना व्यवसायी तथा उद्यमी तथा उद्योगमा कार्यरत जनशक्तिलाई अद्यावधिक गर्ने काम सम्बन्धित शिक्षालयको हुने व्यवस्था गरिनेछ।

९.२९.६ प्रदेश भित्रका परम्परागत सीप, ज्ञान तथा प्रविधिहरू संकलन गरी प्रादेशिक म्युजियम बनाइनेछ। यस्ता संग्रहालयलाई बहुप्राविधिक विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयका स्रोतकेन्द्रको रूपमा प्रयोग गर्ने व्यवस्था मिलाइनेछ।

९.२९.७ प्राविधिक शिक्षालयमा दलित, अपाङ्गता भएका व्यक्ति तथा बिपन्नको पहुँच सुनिश्चित गर्नका लागि छात्रवृत्ति उपलब्ध गराइनेछ।

९.२९.८ सङ्घीय सरकार र स्थानीय तहसँगको सहकार्यमा प्राविधिक शिक्षा सम्बन्धी कार्य सञ्चालन गरिनेछ।

९.२९.९ प्रदेश भित्र सञ्चालालित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम सम्बद्ध संस्थाहरूको स्तर निर्धारण(Accreditation) गर्ने व्यवस्था मिलाइनेछ।

**नीतिः ९.३०: व्यावसायिक तथा प्राविधिक शिक्षाको पारगम्यता (Transferability) सुनिश्चित गर्ने।**

**कार्यनीतिः**

९.३०.१ राष्ट्रिय योग्यता प्रारूप(नेशनल क्वालिफिकेसन फ्रेमवर्क) मा भएको प्रावधानलाई कार्यान्वयन गरी बहुप्राविधिक विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयबाट अध्ययन गर्ने विद्यार्थीको पारगम्यता सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ।

९.३०.२ साधारण शिक्षाबाट बहुप्राविधिक विद्यालय, क्याम्पस तथा विश्वविद्यालयमा अध्ययन गर्न चाहने विद्यार्थीका लागि आधारभूत पाठयक्रम (प्रेरिक्वजिट कोर्स) को व्यवस्था गरी प्राविधिक शिक्षामा पढ्न पाउने व्यवस्था मिलाइनेछ।

९.३०.३ बहुप्राविधिक विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयबाट अध्ययन पूरा गरी साधारण शिक्षामा प्रवेश गर्न चाहने विद्यार्थीहरूलाई आधारभूत पाठयक्रम (प्रिरिक्विजिट कोर्स) को व्यवस्था गरी साधारण शिक्षामा पढ्न पाउने व्यवस्था मिलाइनेछ ।

९.३०.४ निश्चित अवधिको प्राविधिक तथा व्यावसायिक तालिम लिएका व्यक्तिको सीप, अवधि तथा उपलब्धिको गणना गरी अपेक्षित पाठ्य घण्टा (क्रेडिट आवर्स) पूरा गरेकाहरूलाई बहुप्राविधिक विद्यालय, महाविद्यालय तथा विश्वविद्यालयले शैक्षिक उपाधिमा गणना गरी पठनपाठन गर्ने/गराउने प्रबन्ध गरिनेछ ।

९.३०.५ परम्परागत रूपमा सीप आर्जन गरेका, स्वयं सीप सिकेका तथा आधुनिक प्रविधिबाट सीप सिकेका व्यक्तिको सीप परीक्षण गरी प्रमाणीकरण गर्ने व्यवस्था मिलाइनेछ । प्रमाणीकरण भएको व्यक्तिले पनि बहुप्राविधिक विद्यालय, क्याम्पस तथा विश्वविश्वविद्यालयमा अध्ययन तथा अध्यापन गर्न पाउने व्यवस्था मिलाइनेछ ।

**नीति ९. ३१: विद्यार्थीहरूका लागि वृत्ति मार्ग निर्देशन सेवा (Career counseling service) सञ्चालन गर्ने।**

**कार्यनीतिः**

९.३१.१ कक्षा ८, १० र १२ का विद्यार्थीहरू, प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमका प्रशिक्षार्थीहरू र उच्च शिक्षाका विद्यार्थीहरूका लागि वृत्ति मार्ग निर्देशन सेवा उपलब्ध गराइनेछ ।

९.३१.२ स्थानीय विषयगत उद्योगसम्बद्ध संस्था एवम् प्रतिष्ठानहरूसँग समन्वय र सहकार्य गरी रोजगार मेलाको आयोजना र वृत्ति मार्ग निर्देशन सेवा उपलब्ध गराइनेछ ।

९.३१.३ वृत्ति मार्ग निर्देशन सेवा सञ्चालनलाई थप प्रभावकारी बनाउन डाटाबेस र अनलाइन पद्धतिको उपयोग गरी युवाहरूलाई समेत सेवा प्रदान गरिनेछ। विद्यालयमा अनुगमन तथा सहजीकरणको व्यवस्था गरिनेछ।

९.३१.४ स्थानीय तह मार्फत् प्रत्येक विद्यालयमा एक जना शिक्षकलाई वृत्ति मार्ग निर्देशन सेवाको सम्पर्क व्यक्ति (फोकल पर्सन) को व्यवस्था मिलाइनेछ। स्थानीय तहमा कार्यरत जनशक्ति र शिक्षकको क्षमता अभिवृद्धि गरिनेछ।

**नीतिः ९.३२: प्रदेशभित्र रहेका उद्योग, कलकारखाना, व्यवसायी, व्यापारी, उद्यमी तथा अन्य सरोकारवालासँग सहकार्य गरी पढाइलाई रोजगारीसँग आबद्ध गर्ने।**

**कार्यनीतिः**

९.३२.१ प्राविधिक तथा व्यावसायिक जनशक्तिको प्रक्षेपण गरिनेछ ।

९.३२.२ प्रक्षेपण अनुसार प्राविधिक विद्यालय, क्याम्पस तथा विश्वविद्यालयलाई पाठयक्रम परिमार्जनका लागि सहयोग गरिनेछ ।

९.३२.३ प्रक्षेपित जनशक्तिको आधारमा तात्कालिक, अल्पकालीन र दीर्घकालीन सीप विकास तालिम तथा डिग्री प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

९.३२.४ विद्यालय, क्याम्पस तथा विश्वविद्यालयमा सञ्चालित प्राविधिक विधाका कार्यक्रम स्थानीय तह, महाविद्यालय तथा विश्वविद्यालयको माग र लगानी सहकार्यको आधारमा सञ्चालन गर्ने प्रबन्ध मिलाइनेछ।

९.३२.५ प्रदेशमा आवश्यक पर्ने सीपयुक्त जनशक्ति विकासको लागि नियमित तालिम तथा शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ।

९.३२.६ प्रदेश भित्ररहेका उद्योगी, व्यापारी तथा उद्यमीहरूको सहकार्य तथा सहजीकरणमा विद्यार्थीहरूलाई आवश्यक सीप सिकाउने प्रबन्ध मिलाइनेछ।

९.३२.७ औद्योगिक प्रशिक्षार्थी (एप्रेन्टीशिप) तालिम सञ्चालनका लागि उद्योगहरूसँग सहकार्य गरिनेछ।

९.३२.८ दश महिने कार्य थलोमा आधारित (on the job) तालिम सञ्चालनका लागि सहजीकरण र क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ।

**(च) पुस्तकालय एवम् संग्रहालय व्यवस्थापन**

**नीति ९.३३: सामुदायिक पुस्तकालय एवम् विज्ञान प्रदर्शनी स्थलको स्थापना र विकास गर्ने।**

**कार्यनीतिः**

९.३३.१ पुस्तक पढ्ने संस्कृति प्रवर्धन गर्न र अध्ययन तथा अनुसन्धानलाई टेवा पुऱ्याउन आवश्यकता अनुसार स्थानीय तह, गैर सरकारी संस्था र निजी क्षेत्रको सहकार्य समेतमा प्रदेशस्तरीय पुस्तकालय स्थापना र सञ्चालन गरिनेछ।

९.३३.२ प्रादेशिक विश्वविद्यालयलाई प्रदेशस्तरीय विज्ञान प्रदर्शनी स्थल स्थापना र सञ्चालनका लागि प्रोत्सहित गरिनेछ।

९.३३.३ विद्यार्थीको सिकाइ प्रभावकारी बनाउन विज्ञान प्रदर्शनी स्थलको प्रयोग गर्ने व्यवस्था मिलाइनेछ।

९.३३.४ पुस्तकालय र विज्ञान प्रदर्शनी स्थल मार्फत समुदायमा वैज्ञानिक-प्राविधिक साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

९.३३.५ स्थानीय तहको माग, आवश्यकता तथा लगानी साझेदारी सुनिश्चित भएमा त्यस्ता स्थानीय तहमा पुस्तकालय तथा विज्ञान प्रदर्शनी स्थल स्थापना गर्न सहयोग गरिनेछ।

९.३३.६ सामुदायिक सिकाइ केन्द्रहरूमा सूचना प्रविधि सहितको पुस्तकालय तथा वाचनालय स्थापना गरी समुदायमा पठन संस्कृतिको विकास गराउँदै निरन्तर सिकाइ केन्द्रको रूपमा विकास गरिनेछ।

**नीति ९.३४: संग्रहालयको स्थापना गरी अनुसन्धान र अन्वेषणको केन्द्र बनाउने।**

**कार्यनीतिः**

९.३४.१ पुरातत्व विभाग र स्थानीय तहको सहकार्यमा विभिन्न ठाउँमा पहिचान भएका र सम्भाव्य साँस्कृतिक तथा धार्मिक स्थल र सम्पदाहरूको खोजी गरिनेछ।

९.३४.२ सम्भाव्य स्थानमा प्रादेशिक साँस्कृतिक तथा पुरातात्विक संग्रहालय स्थापना गरी प्रादेशिक विश्वविद्यालय र अनुसन्धान निकायको सहकार्यमा अनुसन्धान कार्यका लागि प्रोत्साहन गरिनेछ।

९.३४.३ पौराणिक एवम् ऐतिहासिक वस्तु र कलाहरूको अन्वेषण र संरक्षण गर्दै जनजातिगत तथा भाषागत संग्रहालयलाई पर्यटन पूर्वाधारको रूपमा विकास गरिनेछ।

९.३४.४ पुरातात्विक र साँस्कृतिक महत्वका घटना र विषयवस्तुलाई पाठ्यक्रमको विषयवस्तुसँग आबद्ध गरी शिक्षण सिकाइ गर्न शिक्षकहरूलाई तालिमको व्यवस्था गरिनेछ।

९.३४.५ लोपोन्मुख साँस्कृतिक उत्सव तथा पर्वहरू र बाजाहरूको संरक्षण र सम्वर्द्धन गर्न समुदायका व्यक्तिहरूलाई तालिम तथा प्रोत्साहनको व्यवस्था गरिनेछ।

**<u>(छ) जनशक्ति विकास तथा व्यवस्थापन</u>**

**नीति ९.३५: विद्यालय शिक्षक तथा कर्मचारीको छनोट र नियुक्ति सम्बन्धी कार्य गर्ने।**

**कार्यनीतिः**

९.३५.१ सङ्घीय कानुनको अधीनमा रही निश्चित शर्त र मापदण्डको आधारमा आवश्यक शिक्षक तथा कर्मचारीको व्यवस्था गरिनेछ।

९.३५.२ शिक्षक तथा कर्मचारीको छनोट तथा सिफारिस प्रदेश लोक सेवा आयोग/शिक्षक सेवा आयोग मार्फत हुने व्यवस्था मिलाइनेछ।

९.३५.३ शिक्षक तथा कर्मचारीको सेवाको शर्त र सुविधा प्रदेश सरकारले तय गरे बमोजिम हुनेछ।

९.३५.४ प्रदेश लोक सेवा आयोग/शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचिबाट करार सेवामा शिक्षक तथा कर्मचारी भर्ना गर्ने व्यवस्था मिलाइनेछ।

९.३५.५ सङ्घीय कानुन बमोजिम तोकिएको आधारमा स्थानीय तह र सङ्घीय आर्थिक स्रोतमा विषयगत शिक्षक तथा कर्मचारीको दरबन्दी तथा आपूर्ति व्यवस्था मिलाइनेछ।

९.३५.६ विद्यालय तथा विश्वविद्यालय विकास प्रस्तावको आधारमा प्रतिस्पर्धात्मक रूपमा शैक्षिक संस्था प्रमुखसँग सेवा करार गरी नियुक्ति गर्ने व्यवस्था मिलाइनेछ।

**निति ९.३६: प्रदेशमा कार्यरत शिक्षक, प्रधानाध्यापक, कर्मचारी,** विद्यालय **व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा बोर्ड अफ ट्रष्टिजको पेशागत तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्ने।**

**कार्यनीतिः**

९.३६.१ स्थानीय तहको शैक्षिक सेवा प्रवाहमा संलग्न प्रमुख सेवा प्रदायक तथा सरोकारवालाहरूको शिक्षण सिकाइ, अनुगमन, कार्यथलो अनुसन्धान र व्यवस्थापकीय कार्य सम्बन्धी क्षमता विकास गरिनेछ।

९.३६.२ तहगत र रूपमा शिक्षकहरूको पेसागत सक्षमता र स्तरको खाका (Framework of Professional Competency and Standard) निर्धारण गरी नियमित कार्य सम्पादन मूल्याङ्कनको रूपमा प्रयोग गरी पेसागत जवाफदेहिता संयन्त्र विकास गरिनेछ।

९.३६.३ तालिम केन्द्रको भौतिक र शैक्षिक पूर्वाधारको साथै जनशक्ति र प्रविधिका दृष्टिले स्तरोन्नति तथा संरचनात्मक विस्तार गरिनेछ। प्रदेशभित्रका साविकका शैक्षिक तालिम केन्द्र मार्फत तालिमका कार्यक्रमहरू सञ्चालन एवम् पेशागत विकास सहयोगको संयन्त्रको रूपमा विकास गरिनेछ।

९.३६.४ प्रशिक्षकको क्षमता विकास गरी तालिम केन्द्र र तालिम कार्यक्रमलाई प्रविधि मैत्री बनाइनेछ ।

९.३६.५ तालिमलाई दूरशिक्षा (अनलाइन, भर्चुअल र विद्यालय-केन्द्रित) मार्फत पनि सञ्चालन गरिनेछ । शिक्षक तथा प्रधानाध्यापक तालिमलाई कार्यथलोको परियोजना कार्यमा आधारित बनाई फेस-टु-फेस तथा अनलाइन मोडालिटीमा सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

९.३६.६ शिक्षक तथा प्रधानाध्यापकले प्रत्येक वर्ष निश्चित अवधिको कक्षा शिक्षण, विद्यालय विकास, विद्यार्थी मूल्याङ्कन, शिक्षामा नवप्रवर्तन लगायतका विषयमा तालिम लिनु पर्ने व्यवस्था गरिनेछ ।

९.३६.७ शिक्षक र नेतृत्वकर्ताको पेशागत तथा व्यवस्थापकीय क्षमता विकासका लागि विषयगत, विधागत तथा जेनेरिक तालिमका मोड्युलर तथा ननमोड्युलर सामग्री डिजिटल तथा ननडिजिटल रूपमा विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

९.३६.८ विद्यालयलाई अभिभावक शिक्षाका कार्यक्रमको सञ्चालनका लागि जिम्मेवार बनाउन सहजीकरण गरिनेछ ।

९.३६.९ शिक्षकको पेशागत विकासको लागि तीन पक्ष (शिक्षक स्वयम्, काम गरी राखेको विद्यालय र तालिम केन्द्र) लाई जिम्मेवार बनाउने व्यवस्था अवलम्बन गरिनेछ ।

९.३६.१० शिक्षक तथा कर्मचारीको पेशागत विकासका (सेवाकालीन तालिम, अनुसन्धान वा कार्यमूलक अनुसन्धान, असल अभ्यास भएका शैक्षिक संस्थाहरूको अध्ययन भ्रमण, समसामयिक विषयवस्तुहरूमा गोष्ठी र सेमिनारमा सहभागिता, आलोचनात्मक स्वाध्ययन, प्रकाशन, अनलाइन तथा भर्चुअल सिकाइ आदि) कार्यक्रम सञ्चालन गरिनेछ ।

९.३६.११ सामाजिक जिम्मेवारी अन्तर्गत विपद् व्यवस्थापन तथा कोरोना भाइरस जस्ता समसामयिक समस्यामा पनि चिन्तन आदानप्रदान गर्ने तथा जनसेवा गर्ने व्यवस्था मिलाइनेछ ।

९.३६.१२ पेशागत विकास कार्यक्रममा संलग्न निकायको स्तरोन्नति गरिनेछ । पेशागत विकासका लागि आधुनिक सूचना प्रविधिको प्रयोग गरिनेछ ।

९.३६.१३ उत्कृष्ट विद्यालय शिक्षक, विद्यार्थी, कर्मचारी, व्यवस्थापन समिति, बोर्ड अफ ट्रष्टिज, समुदायमा आधारित गैर सरकारी संस्था एवम् अभिभावक पहिचान गरी पुरस्कृत गर्ने गराउने प्रबन्ध मिलाइनेछ ।

९.३६.१४ विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको क्षमताका अभिवृद्धिका लागि सङ्घ र स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ ।

**नीति ९.३७: प्रदेश तहमा कार्यरत जनशक्तिको ज्ञान, सीप, तथा क्षमता विकास गर्ने ।**

**कार्यनीतिः**

९.३७.१ प्रदेश भित्रका सबै क्षेत्रका जनशक्तिको पेशागत ज्ञान, सीप तथा क्षमताको प्रोफाइल बनाई त्यसको डिजिटाइज्ड गरिनेछ ।

९.३७.२ जनशक्तिको ज्ञान, सीप तथा क्षमता विकास गर्न कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

९.३७.३ समूह संवाद र सिकाइका लागि वेभ पोर्टल खडा गरिनेछ। आमनेसामने तथा भर्चुअल तरिकाबाट थप ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गर्ने प्रबन्ध गरिनेछ।

९.३७.४ स्वदेश तथा विदेशको अनुभव आदानप्रदान गर्न स्वदेशी तथा विदेशी संघ संस्थागत भगिनी सम्बन्ध राख्ने प्रबन्ध मिलाइनेछ।

९.३७.५ जनशक्तिबाट सम्पादित उल्लेख्य कामको विवरण अद्यावधिक गरी राख्ने प्रबन्ध मिलाइनेछ। सोही विवरणको आधारमा संघ, प्रदेश तथा अन्तर्राष्ट्रिय पुरस्कारमा दाबी गर्न पाउने व्यवस्था गरिनेछ।

९.३७.६ स्थानीय तहहरूलाई पालिकास्तरीय जनशक्ति आवश्यकता र प्रक्षेपण गर्न सहजीकरण गरिनेछ। स्थानीय जनशक्तिक आवश्यकता र प्रक्षेपणका आधारमा प्रदेशको जनशक्ति आवश्यकता र प्रक्षेपण गरी प्रादेशिक जनशक्ति योजना नीति र योजना निर्माण गरिनेछ।

९.३७.७ शिक्षण सिकाइ प्रक्रियालाई प्रविधिमैत्री र समालोचनात्मक चिन्तनमा आधारित बनाई अनलाइन अफलाइन लगायत सिकाइका बहुविधिहरूको प्रयोग गरिनेछ।

<u>(ज) सुशासन, अनुगमन, निरीक्षण तथा मुल्याङ्कन</u>

**नीति ९.३८: विद्यालय तथा प्राविधिक शिक्षालयको नतिजामूलक अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन संयन्त्र विकास गर्ने।**

**कार्यनीतिः**

९.३८.१ प्राविधिक शिक्षालयको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनको व्यवस्था गरी गुणस्तर अभिवृद्धि गरिनेछ।

९.३८.२ निरीक्षणको कार्यलाई प्रभावकारी बनाउन सहभागितामूलक, नतिजामूलक तथा सुधारात्मक प्रणालीको विकास गरिनेछ।

९.३८.३ निरीक्षण तथा अनुगमनलाई शिक्षण सिकाइको अङ्गको रूपमा विकासित गर्दै शिक्षकलाई गर्दै सिक्दै र स्वमूल्याङ्कन गर्ने कक्षाकोठामा आधारित अनुगमन प्रणालीको विकास गरिनेछ।

९.३८.४ निरीक्षणबाट प्राप्त सूचनालाई शैक्षिक सूचना प्रणालीसँग एकीकृत गरी संस्थागत सुधारका लागि प्रयोग गरिनेछ।

९.३८.५ निरीक्षणबाट प्राप्त सूचना र स्थानीय तहसँगको सहकार्यमा विद्यालय तथा प्राविधिक शिक्षालयको स्तरीकरण (ग्रेडिङ) गरिनेछ।

९.३८.६ अनुगमनलाई सहज बनाउन ट्याकिङ सफ्टवेयर बनाई कार्यान्वयनमा ल्याइनेछ। विद्यालय शिक्षाको अनुगमन तथा निरीक्षण पद्धतिको संयन्त्र विकास एवम् परिचालनका लागि संघ र स्थानीय तहसँग समन्वय र सहकार्य गरिनेछ।

**नीति ९.३९: विद्यालयको सिकाइ वातवरणको विकास एवम् सुशासनमा सुधार गर्ने।**

**कार्यनीतिः**

९.३९.१ प्रादेशिक रणनीतिक शिक्षा योजना तयार गरी कार्यान्वयन गरिनेछ।

९.३९.२ विद्यालय, स्थानीय तह र स्थानीय शैक्षिक सरोकारवाला एवम् विज्ञको संलग्नतामा अनुगमन र रिपोर्टिङ संयन्त्र तयार गरी कार्यान्वयन गरिनेछ। प्रदेशलाई Bottom up reporting and Top down instruction को हबको रूपमा विकास गरिनेछ।

९.३९.३ अन्तर विद्यालय र अन्तर स्थानीय तह शैक्षिक व्यवस्थापनका असल अभ्यासहरू आदानप्रदान गरी सिक्ने सिकाउने वातावरण तयार गरिनेछ।

९.३९.४ विद्यालयको निर्णय प्रक्रियामा अभिभावकहरूको अर्थपूर्ण सहभागिता र योगदान जुटाउन विद्यालयहरूलाई प्रोत्साहन गरिनेछ।

९.३९.५ शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र स्थानीय तहका पदाधिकारीहरूलाई आफ्नो कार्यका लागि सम्बन्धित सरोकारवालाप्रति जवाफदेही र पारदर्शी बनाउन जवाफदेहिता संयन्त्र निर्माण गरिनेछ।

९.३९.६ सिकाइ वातावरणको सुनिश्चितताका लागि विद्यालयको पूर्वाधार विकास तथा गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई सहयोग गरिनेछ।

९.३९.७ विपद्बाट शिक्षा क्षेत्रमा हुने जोखिम न्यूनीकरण गर्न स्थानीय तह र नेपाल सरकारसँग समन्वय र सहकार्य गरी विपद् उत्थानशील शिक्षण सिकाइ प्रणाली एवम् पूर्वाधारको निर्माण गरिनेछ।

**नीति ९.४०: प्रदेशको शैक्षिक उन्नयनको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको विकास र प्रयोग गर्ने।**

**कार्यनीतिः**

९.४०.१ प्रादेशिक एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (PIEMIS) स्थापना गरी नियमित रूपमा सञ्चालन र अद्यावधिक गरिनेछ।

९.४०.२ उत्कृष्ट स्थानीय तह, विद्यालय, क्याम्पस तथा विश्वविद्यालयका शिक्षक, प्राध्यापक, कर्मचारी, व्यवस्थापन समिति, बोर्ड अफ ट्रष्टिज, विद्यार्थी र अभिभावकलाई पुरष्कृत गर्न शैक्षिक व्यवस्थापन सूचना प्रणालीको प्रयोग गरिनेछ।

९.४०.३ शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई स्थानीय, प्रदेश, सङ्घीय तथा अन्तर्राष्ट्रिय तहसम्म जोड्ने प्रबन्ध मिलाइने छ।

९.४०.४ स्थानीय, प्रदेश तथा सङ्घीय तहमा एकै प्रकृतिको सूचना राख्ने खाका तयार पारिनेछ।

९.४०.५ विद्यार्थीको पारिवारिक, आर्थिक, सामाजिक तथा शैक्षिक जानकारीहरू एकै साथ प्राप्त गर्ने अन्तर विषयक (Interdisciplinary) तथ्याङ्क व्यवस्थापनको प्रबन्ध मिलाइनेछ।

९.४०.६ तथ्याङ्कलाई संघसंस्था तथा शोधकर्ताले त्यसको उपयोग गर्न पाउने व्यवस्था गरिनेछ तर व्यक्तिगत गोपनीयता सुनिश्चित गर्न प्रयोगकर्ताले शर्तनामामा सही गर्नु पर्नेछ।

**(झ) स्रोत परिचालन तथा लगानी**

**नीति ९.४१: सङ्घीय, प्रादेशिक र स्थानीय स्रोतका साथै बाह्य स्रोत समेत परिचालन गरी शिक्षाका प्राथमिकताका क्षेत्रमा लगानी बढाउने।**

**कार्यनीतिः**

९.४१.१ शिक्षामा प्रदेश सरकारको प्राथमिकता, कार्यक्रम, तिनका उपलब्धि र प्रभाव सहितको खाका तयार गरी सार्वजनिक गरिनेछ।

९.४१.२ विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था एवम् गैरसरकारी संस्थालाई शिक्षाका प्राथमिकता प्राप्त क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

९.४१.३ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा गरिएका प्रतिबद्धता अनुरूप सार्वजनिक बजेटको निश्चित हिस्सा शिक्षामा लगानी गर्ने व्यवस्था मिलाइनेछ।

९.४१.४ बजेट तथा कार्यक्रमको कार्यान्वयन अवस्था र नतिजा (प्रभावकारिता र दक्षता) को प्रतिवेदन सार्वजानिक गर्ने र सोको मूल्याङ्कनको आधारमा कार्यक्रम अद्यावधिक गरिनेछ।

९.४१.५ उच्च शिक्षा (post-secondary education) को लगानी लागत साझेदारी (cost-sharing) र लागत आपूरण ( cost recovery) को सिद्धान्तमा आधारित हुनेछ।

९.४१.६ विश्वविद्यालयहरूलाई आर्थिक रूपले आत्मनिर्भर बनाउने प्रबन्धका लागि सघाउने व्यवस्था गरिनेछ।

**नीति ९:४२: निजी लागानीमा खुलेका विद्यालय, महाविद्यालय तथा प्राविधिक धारका कार्यक्रम सञ्चालन गर्ने संस्थालाई क्रमशः सार्वजानिक र सामुदायिक संस्थाका रूपमा रूपान्तरण गर्ने।**

**कार्यनीति**

९.४२.१ निजी लगानीका विद्यालयको नियमनका लागि स्थानीय तहसँग निम्नानुसार सहकार्य गरी सहयोग गरिनेछः-

- निजी विद्यालयलाई गुठी एवम् सहकारी संस्थामा रुपान्तरण गर्न,
- विद्यालय क्षेत्र परिभाषित गर्दै निजी लगानीका विद्यालयको संख्या विद्यालय जाने विद्यार्थी र इलाकामा रहेका विद्यालयको संख्याका आधारमा विद्यालय मिलान गर्न,
- निजी लगानीका विद्यालयको शिक्षण शुल्क, भौतिक सुविधाको मापदण्ड, पाठ्यपुस्तकको छनौट र शिक्षाको माध्यम निर्धारण र पालना गराउन,
- सामाजिक दायित्व अन्तर्गत सार्वजनिक तथा धार्मिक प्रकृतिका विद्यालयसँग सहकार्य गर्ने प्रबन्ध गर्न,
- दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रूपले बिपन्नको पहुँच सुनिश्चित गर्न,
- शैक्षिक संस्थाको नाम राष्ट्र तथा राष्ट्रियता झल्किने गरी राख्न सहजीकरण गर्न,
- एकेडेमी, इन्टरनेशनल जस्ता थप पहिचान जनाउनका लागि चाहिने शर्त र सेवाको निर्धारण र पालना गराउन।

९.४२.२ कक्षा १२ सम्म पूर्णरूपले सार्वजनिक शिक्षा (Public Education) को प्रत्याभूति गर्न स्थानीय तहलाई सहयोग गरिनेछ।

९.४२.३ निजी लगानीमा सञ्चालित प्राविधिक विषयका शैक्षिक संस्थाहरूलाई क्रमशः सामुदायिक वा सहकारी मोडलबाट सञ्चालित संस्थाको रूपमा विकास गर्न थप सहयोग गरिनेछ। यसका लागि लागत साझेदारी (Cost Sharing) को मोडल अपनाइनेछ। यसो गर्दा यस अघि सञ्चालनमा रहेका सबै निजी विद्यालयलाई दिइएको अवधिभित्र यस अवधारणामा आउने व्यवस्था मिलाइनेछ।

९.४२.४ आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाको अनुभूति गर्न गराउन निजी लगानीका शैक्षिक संस्थाको व्यवस्थापनका लागि स्थानीय तहसँग निम्नानुसारका क्षेत्रहरूमा सहकार्य गरिनेछः-

- शैक्षिक संस्थाको जोनिङ्ग तथा मिलान गर्न।
- शैक्षिक संस्थाको जोनिङ्ग बाहिरका विद्यार्थीका लागि आवासीय व्यवस्था गर्न।
- नर्सरी, के.जी. लगायतका कक्षा १२ सम्मका कक्षा सञ्चालन गर्ने शैक्षिक संस्थालाई क्रमशः प्राविधिक बहुप्राविधिक, विशिष्ट विद्यालयमा रूपान्तरित गर्न।
- पहुँचको समस्या भएका क्षेत्रमा सरकारको लगानी सहित निश्चित अवधिका लागि निजी विद्यालय सञ्चालन गर्न।
- एक आपसमा मिलान गरी ती विद्यालयलाई निजी लगानीका विशिष्टीकृत विद्यालय वा महाविद्यालयमा रुपान्तरित हुने व्यवस्था गर्न।
- निजी लगानीका शिक्षालयहरूले सरकारले तोके बमोजिम दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्नहरूको पहुँच सुनिश्चित गर्नका लागि छात्रवृत्ति उपलब्ध गराउन।

## १०. नीति कार्यान्वयन एवम् मूल्याङ्कनको संस्थागत तथा कानुनी व्यवस्था

**१०.१** यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता र औचित्यताका आधारमा उपयुक्त संस्थागत संरचनाहरूको व्यवस्था गरिनेछ।

**१०.२** तीनै तहका सरकार, निजी लगानीकर्ता, सहकारी तथा विकास साझेदार तथा अभिभावक तथा घरपरिवारले शिक्षामा गर्ने लगानी खाका सम्बन्धित निकायको सहकार्यमा सामाजिक विकास मन्त्रालयले तय गर्नेछ।

**१०.३** प्रदेश शिक्षा नीति, २०८० लागु भएपछि त्यसको अनुगमन, मूल्याङ्कन तथा संशोधनका लागि सामाजिक विकास मन्त्रीको अध्यक्षतामा प्रदेश स्तरीय समिति बनाइनेछ। सो समितिमा प्रदेश सरकारको प्रतिनिधि, स्थानीय तहको प्रतिनिधि, विश्वविद्यालयको प्रतिनिधि, प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्को प्रतिनिधि, समावेशी शिक्षाको प्रतिनिधि, नागरिक संघसंस्थाहरूको प्रतिनिधि तथा स्वतन्त्र शिक्षा विज्ञहरू रहनेछन्। निश्चित अवधिको लागि प्रतिवर्ष बन्ने तथा बनाइने यस्तो समितिले दिएको प्रतिवेदनको आधारमा नीति, नियमावली, निर्देशिका, कार्यविधि तथा कार्यक्रमहरूमा आवश्यक संशोधन गरी शिक्षामा अपेक्षित उद्देश्य हासिल गरिनेछ। यसै गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामाजिक विकास मन्त्रालयबाट नियमित रूपमा नीतिको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था गरिनेछ।

१०.४ नीति प्रभावकारी रूपमा कार्यान्वयन गर्न देहायका ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरू तर्जुमा गरी कार्यन्वयन गरिनेछ :

(क) प्रदेश शिक्षा ऐन तथा नियमावली,

(ख) प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद् ऐन संशोधन, नियमावली,

(ग) प्रादेशिक उच्च शिक्षा ऐन तथा नियमावली

(ङ) नीति भएमा व्यवस्थाको कार्यान्वयनका लागि आवश्यकता अनुसार ऐन, नियम, निर्देशिका र कार्यविधि एवम् मापदण्डहरू ।

## ११. स्रोतसाधनको व्यवस्था

प्रादेशिक शिक्षा नीतिको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक संरचना, संयन्त्र, जनशक्ति तथा स्रोत र साधनको व्यवस्था गर्नेछ । यसैगरी सङ्घीय सरकारबाट सशर्त वित्तीय हस्तान्तरण, विशेष तथा समपूरक अनुदानबाट समेत स्रोत तथा साधनको व्यवस्था हुनेछ । यसैगरी स्थानीय तहले आवश्यक स्रोत र साधनको व्यवस्था गरी नीतिको कार्यान्वयनका लागि सहकार्य र साझेदारी हुनेछ । सरकारका अतिरिक्त गैरसरकारी संस्था, निजी र सहकारी क्षेत्रबाट समेत सहकार्य हुनेछ । व्यक्ति, समुदाय र अभिभावकलाई स्वेच्छिक स्रोत र साधन प्रदान गर्न प्रोत्साहित गरिनेछ । विकासका साझेदारबाट समेत यस नीतिको कार्यान्वयनका लागि वित्तीय सहयोग गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

## १२. नीति कार्यान्वयनका जोखिम तथा जोखिम न्यूनीकरणका उपायहरू

यस नीतिको प्रभावकारी कार्यान्वयनमा आउन सक्ने संभावित जोखिमहरू यस प्रकार रहेका छन्:-

- अभ्यासको कमी
- कर्मचारी, शिक्षक, प्राध्यापक, पदाधिकारी तथा स्थानीय सरकारको नेतृत्वहरू बीचको समन्वय र सहकार्य
- सङ्घीय सरकारको नीति र नीतिको कार्यान्वयनमा समन्वय र सहकार्य, सङ्घीय कानुन तर्जुमा
- निजी लगानीका विद्यालयहरूको व्यवस्थापन
- विश्वविद्यालय तथा आङ्गिक र सम्बन्धन प्राप्त महाविद्यालयको व्यवस्थापन
- नेतृत्वमा हुने स्थिरता
- लगानीको ढाँचा, स्रोतको उपलब्धता
- स्थानीय तहसँगको समन्वय र सहकार्य ।

माथिका अपेक्षित तथा अनपेक्षित जोखिमको आभाष हुनासाथ प्रदेश सरकारले सहमति, सहकार्य तथा समन्वय गरी कार्य सम्पादन गर्नेछ । जोखिम न्यूनीकरणका लागि सरोकारवालासँग पर्याप्त छलफल तथा अन्तरक्रिया गरी नीति कार्यान्वयनको अनुकूल वातावरण सिर्जना गर्ने प्रयास गरिनेछ । प्रदेश शिक्षा समन्वय परिषद् र नीतिको अनुगमन तथा मूल्याङ्कन समितिमा स्थानीय तह र अन्य सरोकारवालाको सहभागिता सुनिश्चित गरिनेछ । प्रदेश सरकारको स्रोतका अतिरिक्त गैरसरकारी संस्था र सङ्घीय सरकारको समन्वयमा विकास साझेदार र अन्तर्राष्ट्रिय संघसंस्थाको स्रोतको समेत उपयोग गरिनेछ ।

**१३. नीति परिमार्जन तथा संशोधन**

(क) प्रदेश सरकारले यस नीतिलाई आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्नेछ तथापि यसको पुनरावलोकन कम्तीमा प्रत्येक पाँच वर्षमा गरिनेछ।

(ख) नीतिमा उल्लिखित विषयवस्तुको व्याख्या तथा पुष्टयाईं सामाजिक विकास मन्त्रालयले गर्नेछ।

**सन्दर्भ सामग्री**


अर्थ मन्त्रालय (२०८०)। आर्थिक सर्वेक्षण। काठमाडौं

नेपाल सरकार (२०७४)। स्थानीय सरकार सञ्चालन ऐन, २०७४। काठमाडौं

बागमती प्रदेश सरकार(२०८०)। बागमती प्रदेश सरकार(कार्य विभाजन) नियमावली, २०८०। हेटौंडा

विश्वविद्यालय अनुदान आयोग- विविअआ (२०२२)। शैक्षिक व्यवस्थापन सूचना प्रणाली (उच्च शिक्षा)। सानोठिमी

शिक्षा तथा मानव स्रोत विकास केन्द्र- शिमास्रोविके (२०७८)। फ्ल्यास रिपोर्ट, २०७८। सानोठिमी

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय – शिविप्रमं (२०७६)। राष्ट्रिय शिक्षा नीति, २०७६। काठमाडौं

सामाजिक विकास मन्त्रालय (२०८०)। उच्च शिक्षा सम्बन्धी विज्ञ समूहको प्रतिवेदन (अप्रकाशित)। हेटौंडा